# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा व्यक्तिको शरीर र आत्माको विकास हो । शिक्षालाई व्यक्ति, समाज र देश विकासको मेरुदण्डको रुपमा सर्वत्र स्वीकारिएको छ । यस तथ्यलाई हृदयङ्गम गरी हाम्रो देशमा पनि प्राचीनकालदेखि कुनै न कुनै रुपमा शिक्षा लिने प्रचलन रहँदै आएको पाइन्छ । हाम्रो देशको शिक्षाको इतिहासलाई नियाल्दा हिन्दू र बौद्ध धर्मबाट अनुप्राणित शिक्षाबाट परम्परागत हुँदै यहाँसम्म पुग्न सकिन्छ । राजकूल, पितृकुल, देवकुल, ऋषिकुल, गुरुकुल शिक्षा पद्धतिको माध्यमबाट चल्दै आएको शैक्षिक परम्परामा गुरुकुल परम्परा अझसम्म प्रचलनमा रहेको पाइन्छ (कोइराला र श्रेष्ठ, २०६२) ।

शिक्षा विकासको प्रारम्भिक चरणमा संस्कृति, कला, बौद्ध र हिन्दु दर्शनबाट अनुप्रेरित शिक्षा पद्धति अन्तर्गत परम्परागत कला संस्कृतिको जगेर्ना र स्थानान्तरण गर्न तथा ब्राम्हण, भाइ-भारदार र उच्च घरानाका लागि जिविका सम्बन्धी पेशागत संस्कृत शिक्षा दिने गरिएको पाइएतापनि शिक्षाको औपचारिक संरचना पाइदैन । शिक्षाको निष्कृय चरण, राणा कालमा शिक्षा विकास भन्दा राज्य एकीकरणमा ध्यान गएको पाइन्छ ।

तेस्रो चरणमा आफ्नो छोरा र भाइभारदारहरूको शिक्षाको लागि वि.सं. १९१० मा दरवार स्कूलको स्थापना हुन पुगेको र स्थापना कालमा ल्याइएका शिक्षकहरू अनुसार वि.सं. १९९४ सालमा उक्त विद्यालयमा ४ कक्षासम्म पढाई हुने गरेको पाइन्छ । चौथो चरणमा प्रजातन्त्रको स्थापना पछि स्थानिय स्तरमा बढेको शैक्षिक चासो र शिक्षाप्रति उदारताको कारण विद्यालय खुल्ने क्रममा तिब्रता आउँदै गरेको पाइन्छ (ऐ.ऐ) ।

शिक्षाको विकास बिना मानवीय विकास सम्भव हुँदैन । मानवीय विकास नभई कुनै पनि देशको विकासात्मक क्रियाकलाप सञ्चालन गर्न कठिन हुन्छ । यदि शिक्षा भएन भने लगानीबाट उचित प्रतिफल प्राप्त हुन सक्दैन । विकासात्मक कार्य सफल रुपमा कार्यान्वयन गर्नका लागि जनस्तरमा कार्यदक्षता, क्षमता र चेतनाको स्तर आवश्यक छ ।

कार्यदक्षता, क्षमता र चेतनाको स्तर उकास्न शिक्षा अनिवार्य हुन्छ । जसले गर्दा प्रत्येक मानवको आफ्नो भविष्यको रुपरेखा तयार गर्ने कार्यहरूको लागि उसले प्राप्त गरेको शिक्षा एक प्रमुख निर्धारक तत्व मानिन्छ । त्यसैले विश्वकै भावि पुस्ताको जीवनस्तर उकास्न संयुक्त राष्ट्र संघले “सबैका लागि शिक्षा” भन्ने नारालाई अघि सारेको छ (सबैका लागि शिक्षा, २०६३) ।

आफ्नोबारे, आफू बाँचेको संसार र समाजबारे बुझ्न मानिसलाई जरुरत पर्ने आधारभूत क्षमता ज्ञान हो । ज्ञानले मानिसलाई बुझ्न, विश्लेषण गर्न, संवाद गर्न, तुलना गर्न, काम गर्न तथा आफ्नो प्रकृतिको र समाजका अरु सदस्यहरूको मूल्याङ्कन गर्न सबल बनाउँछ । यसले मानिसलाई भूत, वर्तमान र भविष्यबीच, व्यक्ति र समाजबीच, विश्व र भूमण्डलबीच सम्बन्ध स्थापित गर्न सहयोग गर्छ । त्यस्तै शिक्षाले व्यक्तिलाई पुनर्ज्ञान प्राप्त गर्न, पुनर्मूल्याङ्कन गर्न, पुनर्कर्म गर्न तथा आफू र जगतलाई परिवर्तन गर्न सहयोग गर्छ (शर्मा एण्ड शर्मा, २०६४ ) ।

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यस अलावा शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको काम पनि गर्दछ । यसै कारण विश्वका अधिकांश मुलुकहरूले शिक्षामा आम नागरिकको पहुँच बढाउन तथा शिक्षा र सहस्राब्दी विकासका लक्ष्य हासिल गर्ने जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता जस्ता प्रयासका उदाहरणहरू हुन् । नेपालमा पनि सोही अनुरुप विविध कार्यक्रमहरू भइरहेका छन् ।

आजको हाम्रो आवश्यकता बालवालिकाहरूलाई विद्यालयमा पुऱ्याउनु मात्र होइन, सबै विद्यालयहरूलाई बालबालिकाको इच्छानुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो । यसै कारण वालअधिकार सम्बन्धी महासन्धीले पनि बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि बिना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनु पर्ने आवश्यकता पनि स्वीकारेको छ ।  यसै अभिभारालाई सुनिश्चित गर्न नेपालको आन्तरिम संविधान तथा शिक्षा सम्बन्धि विविध दस्तावेजहरूले समेत मार्गनिर्देश गरेका छन् ।

नेपालमा शिक्षाको पहुँच बढाउन र शिक्षालाई गुणस्तर बनाउन विभिन्न प्रयासहरू हुँदै आइरहेका छन् । यी मध्ये बालमैत्री विद्यालयको अवधारणा पनि एक हो । यस अवधारणाले विद्यालयको न्यूनतम र अपेक्षित मापदण्डहरू के-के हुन् र विद्यालय विकासमा क-कसले कस्तो भूमिका खेल्ने भन्ने कुरा दिएको छ । यस्ता कार्यहरूबाट अभिभावकहरू, बालवालिकाको पढाईप्रति चासो राख्ने समुदायले विद्यालय विकासमा महत्वपूर्ण भूमिका खेल्ने र विद्यालयले दिनानुदिन आफ्नो स्तर बढाउँदै लाने कुराको आशा गरिएको छ (बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,२०६७) ।

धेरै नेपाली बालबालिकाले विभिन्न कारणबाट स्तरीय प्राथमिक शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् । विद्यालयको भौतिक सुविधामा कमी हुनु , भाषिक विभिन्नता रहनु, बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षाको पहुँचमा कमी हुनु तथा गरिब परिवार, अवसर नपाएका जातिहरू, आदिवासी जनजाति तथा केही धार्मिक समूहका बालबालिकाको विद्यालयमा उपस्थिति न्यून हुनु यसका प्रमुख कारणहरू देखिएका छन् । यसले गरिबीको दुश्चक्रमा पुऱ्याउने, शिक्षामा कमी हुने तथा रोजगारीको अवसर सङ्कुचित बनाउँछ । जसबाट आर्थिक रुपमा अति अवसरविहिन जनसंख्यालाई नै समस्या परिरहेको हुन्छ । अन्ततोगत्वा यस्ता परिवारका बालबालिकाले विद्यालय छाड्ने र कक्षा दोऱ्याउने दर उच्च भइरहन्छ ।

परिवार गरिब रहेको अवस्थामा प्रायः केटीहरूले नै राम्रो शिक्षा हासिल गर्ने अवसर गुमाइरहेका हुन्छन् । विद्यालयमा बालबालिकालाई टिकाउन तथा प्राथमिक शिक्षाको चक्रलाई सुनिश्चित गर्नका लागि विद्यालयको वातावरणमा गुणस्तरीय सुधार ल्याउन तथा विद्यालयलाई बालमैत्री बनाउन जरुरी हुन्छ ।

बालमैत्री विद्यालयहरू स्थापनाको उद्देश्य नै यस्ता विद्यालयले कुनै पनि किसिमबाट विभेद नगरी बालबालिकालाई विद्यालयमा स्वागत गर्नु हो । यस्ता विद्यालयमा बालकेन्द्रित पाठ्यक्रम र रमाइला सिकाई विधिको प्रयोग गरिएको हुन्छ । विद्यालयहरू स्वस्थ लैङ्गिक

संवेदनशील रुपबाट सुरक्षित बनाइनुका साथै विद्यार्थीका परिवार तथा स्थानीय समुदायसँग निरन्तर सहकार्य स्थापना गरिएको हुन्छ ( बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ )।

कुनै पनि मानिस जन्मजात खराब अथवा असल हुँदैन । मानिसले गर्ने दैनिक आहार व्यवहारबाट समाजमा कस्तो प्रभाव पार्छ, त्यसैका आधारमा असलता र कमसलताको मापदण्ड तय गरिन्छ । हाम्रो व्यवहारले समाजमा सकारात्मक प्रभाव पार्छ भने समाजका लागि हामी उदाहरणिय हुन्छौं । समाजले हाम्रो सिको गर्छ । समाज हामीप्रति अनुग्रहीत हुन्छ र उसले हाम्रो व्यवहारलाई आफ्नो मानक मापदण्डका रुपमा स्थापित गर्छ । अनेकौं मानिसहरूले विभिन्न समयमा गरेका कामहरूको लेखाजोखा र मूल्याङ्कन गरेर त्यसले समाजमा पारेको प्रभावलाई अन्य कामहरूसँग तुलना गरिन्छ ।

अधिकतम उपयोगी व्यवहारलाई असल आचरण भनिन्छ भने नकारात्मक प्रभाव पर्ने कामलाई कमसल अथवा खराब आचरण भनिन्छ । हामी सबै समाजले मान्यता दिएका अथवा असल काम भनेर पहिचान गरेका काम गर्दा गौरवान्वित हुन्छौं भने त्यस बाहेकका काम गर्दा असजिलोमा पर्छौं । संभवत असल खराबको पहिचान गर्ने यो भन्दा उचित अर्को कसी हुन सक्दैन । वालबालिकाहरू देशका मुल भविष्य हुन् । हामीहरूले आफ्ना पूर्वजहरू र तत्कालीन समाजको सिको गरेझैँ हाम्रा बालबालिकाहरूले पनि हाम्रो र वर्तमान सामाजिक वातावरणको सिको गरिरहेका छन् ।

बदलिदो विश्व परिवेशसँगै सिकाईका परम्परागत तरिकाहरूमा समेत परिवर्तन टड्कारो भइसकेको छ । गहन अनुसन्धान गरेर विज्ञहरूले परम्परागत सिकाई प्रणालीबाट वर्तमान बालबालिकाको भविष्य सुनिश्चत हुन संभव नहुने तथ्यहरू खोजेका छन् । यसको अर्थ के हो भने आगामी विश्व विगतका वा वर्तमानका तुलनामा जीविकोपार्जन र जीवनका सवालमा अझै जटिल हुनेछ । त्यसबेलाको परिवेशमा स्वावलम्बि, आत्मनिर्भर र असल बनिरहन उचित सिकाई र बुझाईका समुचित व्यवस्था हुनुपर्छ (उपाध्याय र शर्मा,२०६८)।

शिक्षा क्षेत्रको विकास नै सम्पूर्ण क्षेत्रको विकास हो' भन्ने ध्येयले शिक्षालाई अनिवार्य गराउने पक्षमा विभिन्न सरकारी एवं गैर सरकारी निकायहरूले लगानी गरिरहेको भएपनि शिक्षाको विकासमा अपेक्षाकृत उन्नति भएको देखिँदैन । नेपालको शैक्षिक संरचना अनुसार प्राथमिक र माध्यमिक तह अध्ययन गर्ने बालबालिकाहरूले शिक्षाको महत्व नबुझि पढाइमा निरन्तरता दिएको पाइदैंन ।

शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार मात्र होइन जीवनयापनलाई शुलभ बनाउने प्रमुख माध्यम पनि शिक्षा नै हो भन्ने हेतु लिएर प्राथमिक तहमा सम्पूर्ण जाति, वर्ग र भाषाभाषिका बालबालिकालाई अनिवार्य सहभागि  गराउन सबै संघसंस्थाहरूको पहल रहेता पनि यसको विकास सन्तोषजनक छैन । विद्यालयमा शिक्षा लिँदा-लिँदै कक्षा छाड्ने, विद्यालय शिक्षा पूरा नगर्ने सङ्क्रमणबाट ग्रसित भएकोले विद्यार्थी सहभागिता अझैसम्म आशा लाग्दो भएको छैन  (काफ्ले, २०५७) ।

नेपाल सरकारको शिक्षामा पहुँच बृद्धि गर्ने प्राथमिक रणनीतिहरू मध्ये निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था पनि एक हो । तर विद्यालय जाने उमेर समूहका १९% बालबालिकाहरू विद्यालयमा अझै भर्ना भएका छैनन् र बीचैमा पढाई छाड्नेको दरलाई हेर्ने हो भने विद्यालय शिक्षाभन्दा बाहिर हुनेहरूको संख्या निकै बढी देखिन्छ । निःशुल्क शिक्षा भन्नाले शुल्क नतिर्नु वा मिनाहा गर्नुलाई मात्र लिइनु हुँदैन, हाल शिक्षाको प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च दुवैले विद्यालय पहुँचमा अवरोध खडा गरिरहेको छ (सबैका लागि शिक्षा, २०६३) ।

यसरी शिक्षाको विकासक्रमलाई प्राचीनदेखि वर्तमानसम्म नियाल्दै विश्व परिवेशको यथार्थतालाई समेत अध्ययन गर्दा हाम्रो देशमा प्रयोगमा आइरहेका शिक्षक केन्द्रित शिक्षण विधिहरू, अनुशासन कायम गर्ने नाममा प्रयोग भइरहेका दण्डका प्रकारहरू नितान्त रुपमा अनावश्यक, अनुपयोगी र हानीकारक देखिन्छन् । अहिलेको एक्काइसौं शताब्दीमा वैज्ञानिक विकाससँगै विश्व नै एक घरजस्तो भइरहेको स्थितिमा हाम्रो परम्परागत सैद्धान्तिक शिक्षा तथा शिक्षण प्रणालीलाई सुधार गरी मनोवैज्ञानिक, बालमैत्रीपूर्ण तथा सम्मानजनक शिक्षा प्रदान गरी भोलिका राष्ट्रका कर्णधारहरूको शारीरिक, मानसिक र संवेदनात्मक विकास गरी

उच्च मनोबलका साथ राष्ट्र निर्माणको महान् कार्यमा अग्रसर गराउनु नै वर्तमानको आवश्यकता रहेको देखिन्छ । (सबैका लागि शिक्षा, २०६३) ।

आधुनिक मान्यता अनुसार कक्षाकोठा व्यवस्थापनलाई सिकाई उपलब्धी हासिल गर्ने माध्यमको रुपमा लिइन्छ । यस मान्यता अनुसार शिक्षकको एउटा मूल कर्तव्य आफूले पढाउने विषयका विषयवस्तु र त्यस सम्बन्धी धारणा विद्यार्थीहरूमा अर्थपूर्ण र सहज ढंगले पुऱ्याउनका लागि कक्षाकोठा व्यवस्थित गर्नु हो । शिक्षण सिकाइका लागि विद्यार्थीहरूका क्रियाकलाप व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षण सिकाइका लागि अनुकूल भौतिक प्रबन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । शिक्षण सिकाइ प्रभावकारी बनाउन कक्षाकोठा भौतिक रुपमा आकर्षक, शान्त वातावरण साथै मनोवैज्ञानिक पक्षको समेत कक्षा व्यवस्थापन गर्नु पर्छ (अधिकारी, २०६८) ।

परम्परागत रुपमा कक्षाकोठा व्यवस्थापन विद्यार्थीको नियन्त्रण र कडा अनुशासनलाई लिइन्थ्यो भने आधुनिक रुपमा शिक्षण सिकाइका लागि विद्यार्थीहरूका क्रियाकलापहरूलाई व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षण सिकाइका लागि अनुकूल भौतिक प्रबन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो ।

सहज रुपमा विद्यार्थीहरू अनुकूल उनीहरूको इच्छा, आकांक्षा र चाहना अनुसार नाच्दै, गाउँदै, खेल्दै र रमाउँदै शिक्षण सिकाइ गर्न सकिने आकर्षक कक्षाकोठा नै आधुनिक र बालमैत्री कक्षाकोठा हो । शिक्षण सिकाइका लागि विद्यार्थी क्रियाकलाप व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षण सिकाइका लागि अनुकूल भौतिक प्रबन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठा मुलतः तीन पक्ष भौतिक, शैक्षिक र वातावरणीय रहन्छ । यी तीन पक्षहरू कक्षाकोठामा बालमैत्री र व्यवस्थित बनाउनु पर्दछ (अधिकारी, २०११) ।

बालमैत्री विद्यालय बनाउन नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप - २०६७ लागू गरेको छ । उक्त प्रारुपमा ९ वटा पक्षहरू छन् । जसमा छैटौं पक्षमा

विद्यालको भौतिक पक्ष रहेको छ। भौतिक पक्षमा ४४ वटा सूचकहरू छन्। भौतिक पक्षको ४४ वटा सूचकहरूमध्ये कक्षाकोठा/भवन सूचकमा बालमैत्री विद्यालय हुन कक्षा व्यवस्थापन र भवनमा हुनु पर्ने सर्तहरू - भूकम्प निरोधक भवन, घाम पानी छेक्ने छाना भएको, प्लाष्टर वा राम्रोसँग लिपिएको भित्ता, लेख्न र पढ्न बाधा नपुग्ने खालको पर्याप्त उज्यालो, प्रति ५० विद्यार्थीका लागि १ कोठा भएको, प्रति विद्यार्थी ०.७५ वर्ग मिटर क्षेत्रफल भएको कोठा, भवन तथा कक्षाकोठा बाल तथा अपाङ्ग मैत्री भएको, ५×८ फिटको कालोपाटी व्यवस्था भएको र कक्षा-३ सम्मको कक्षाकोठाका भित्तामा विद्यार्थीले भेट्ने गरी कालोपाटी निर्माण भएको हुनु पर्दछ (बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७)।

## १.२ समस्याको कथन

परिवर्तित समाजबाट प्राप्त प्रतिफलको उपभोगमा सबैले समानुपातिक अवसर प्राप्त गर्नु नित्तान्त आवश्यक हुन्छ। हाम्रो मुलुकको अवस्था हेर्ने हो भने कूल जनसंख्याको लगभग आधा हिस्सा ओगट्ने बालबालिकाहरूको अवस्था आजसम्म पनि उपेक्षित नै छ। विगतका दशकहरूको तुलनामा धार्मिक र नैतिक रुपमा बालबालिकाहरूको अवस्थामा सकारात्मक परिवर्तन हुँदै आएको देखिएता पनि बालअधिकारको अवस्था अझैसम्म पनि सुनिश्चित हुन सकेको छैन। बालबालिकाहरू कुनै पनि समाजका सुन्दर भविष्यका लागि हुन्। समाजको विकासको लागि उनीहरूको सहभागिता अपरिहार्य हुन्छ।

स्वस्थ, समृद्ध र सक्षम बालबालिकाहरूले मात्र सुन्दर समाजको निर्माणमा योगदान दिन सक्छन्। तसर्थ बालबालिकाहरूको सम्पूर्ण अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको चौतर्फी विकासको लागि परिवार, समुदाय र राज्यको स्तरीय सोच र सुदृढ कार्यक्रम अनिवार्य छ। वर्तमान शिक्षण सिकाई क्रियाकलापमा देखिएका दण्ड र बालबालिकाहरूमाथि गरिने शारीरिक र मानसिक दबावलाई मध्यनजर गर्दै बाल मैत्री शिक्षणमा पुनर्वलहरूको खोजी गरी शिक्षण सिकाई क्रियाकलाप र अनुसाशन प्रविधिमा बालअधिकार र हक सहितको वातावरणमा सिक्न पाउने अधिकार सुनिश्चित गर्नु पर्ने देखिन्छ (बालमैत्री गा.वि.स. स्थापना अवधारणा र स्थापना प्रक्रिया, २०६९)।

यस धुपू स्रोत केन्द्रका सम्पूर्ण बालबालिकाहरू शिक्षामा पूर्णरुपले सहभागि हुन पाएका छैनन् । धेरै बालबालिकाहरू विभिन्न कारणले गर्दा विद्यालय शिक्षा प्रणाली भित्र आउन बाँकी देखिन्छ । शैक्षिक सत्र २०६९ र २०७० का Flash Report हरूको तुलनात्मक अध्ययन गर्दा धुपू स्रोत केन्द्र अन्तर्गत मात्र १४६ जना ५ वर्षदेखि १३ वर्षसम्मका बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् (जि.शि.का.रिपोर्ट, २०७०) ।

यसरी उल्लेख्य संख्यामा विद्यार्थीहरू प्राथमिक तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने गर्दछन् । विद्यालयहरूमा विद्यमान परम्परागत शिक्षण विधि, परिवारको आर्थिक, सामाजिक, भाषिक, भौगोलिक अवस्था साथै शिक्षक, विद्यार्थी र अभिभावक बिचको सम्बन्ध आदि कारणले गर्दा शिक्षाको क्षेत्रमा सबैको पहुँच र सहभागिता कम छ ।

विद्यार्थी अनुशासन कायम गर्न, नियमित गराउन तथा शिक्षणसिकाईलाई प्रभावकारी बनाउने क्रममा शिक्षकहरूले विद्यार्थीहरूलाई दिने शारीरिक तथा मानसिक दण्ड सजायका कारण धेरै विद्यार्थीहरू विद्यालय शिक्षाबाट त्रसित भई विद्यालय छाडिरहेको विकराल अवस्थामा यस गम्भीर विषयलाई आत्मसात् गर्दै बालमैत्री विद्यालयहरूको अवस्था अध्ययन गरी प्राथमिक विद्यालय तहमा पुनर्वलको व्यवस्थापनका उपायहरू पत्ता लगाई उनीहरूको शैक्षिक सहभागितामा बृद्धि गरेर राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न सहयोग पुगोस् भन्ने हेतुले यो अनुसन्धानको शीर्षक चयन गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि बालबालिकाको जन्मपछि आमाबावु अथवा अभिभावकहरूको पहिलो चिन्ता तिनको उचित पालन पोषण रहन्छ भने दोस्रो-तिनलाई स्वावलम्बी, आत्मनिर्भर र असल बनाउनु रहेको हुन्छ । बालबालिकाका अभिभावक, आमाबाबु, शिक्षक अथवा अन्य कुनै शुभचिन्तकले चिन्ता लिंदैमा कुनै बालबालिका असल, स्वावलम्बी र आत्मनिर्भर बन्दैनन् । असलता र आत्मनिर्भरता जस्ता महत्वपूर्ण गुणहरू जन्मजात हुन्छन् अथवा उमेर अनुसार बालबालिकाले आफैं बुझ्दै जान्छन् भनेर ढुक्क हुने चलन पनि रहेको पाइन्छ ।

प्रारम्भिक बाल्यकालदेखि नै बालबालिकाका लागि असल आत्मनिर्भर र स्वावलम्बी बनाउने वातावरण तयार गर्नु अभिभावकहरूको पहिलो र अन्तिम दायित्व हो । घरमा सकारात्मक वातावरण तयार पार्ने र तदनुसार बालबालिकासँग दैनिक व्यवहार गर्ने कर्तव्य मातापिताको हो भने विद्यालयका शिक्षकहरूलाई सकारात्मक व्यवहारबारे सुरक्षित गरेर बालबालिकासँग सहि व्यवहार गर्न सिकाउने कामको तालमेल मिलाउने काम प्रधानाध्यापक अथवा सञ्चालकले गर्नु अनिवार्य हुन्छ ( उपाध्याय र शर्मा, २०६८ ) ।

बालबालिकाको इच्छा, आकाङ्क्षा, चाहना अनुरुप नाँच्दै, गाउँदै, खेल्दै र रमाउँदै आफैँ सहभागी भइ सिकाई गर्ने कक्षाकोठाको अवधारणा नेपाल सरकार शिक्षा मन्त्रालयले लिएको छ । त्यस अनुरुप हाल बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप - २०६७ अनुसार सम्पूर्ण विद्यालयहरूका प्रतिनिधि, शिक्षक, सरोकारवालाहरूलाई बालमैत्री कक्षा व्यवस्थापन सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया मार्फत जानकारी सबै विद्यालयहरूमा गराएको पाइन्छ ।

कक्षा व्यवस्थापन बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक अनुकूल बनाउनु पर्दछ । उनीहरूको इच्छा, आकांक्षा, अनुसार रमाउँदै पढ्ने कक्षाकोठाको निर्माण र व्यवस्थापन गर्नु बालमैत्री विद्यालयको अवधारणा हो । यस्तो अवधारणा एकदमै आधुनिक, व्यवहारिक, बालमैत्री र समयानुकूल रहेको पाइन्छ ।

बालमैत्री कक्षा व्यवस्थापन एकदमै राम्रो, बालमैत्री, व्यवहारिक हुँदा हुँदै पनि सबै विद्यालयहरूका कक्षाहरूमा लागू हुन नसकेकोले यसमा भएको समस्याहरू पत्ता लगाउनु एक महत्वपूर्ण कार्य रहेको छ । यसरी भई रहेका कमी कमजोरी र समस्याहरू पत्ता लगाई त्यसले विद्यालयमा पनि सघाउ पुगी बालबालिकाका लागि शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक रुपमा बालमैत्री कक्षा व्यवस्थापन गरी नियमित विद्यार्थी उपस्थित गराई शिक्षण सिकाइ प्रभावकारी बनाउन यो अध्ययनले सघाउ पुऱ्याउने छ ।

सरकार, सरोकारवाला निकाय, संघ-संस्था, प्र.अ., शिक्षक, वि.व्य.स. तथा आम अभिभावकको लक्ष्य वा उद्देश्य पूरा गर्न सहयोग पुग्ने छ । कक्षा व्यवस्थापनमा भएका भौतिक, शैक्षिक, मनोवैज्ञानिक साथै सामाजिक कमजोरी र समस्याहरू पत्ता लगाइ, समाधान गरी बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्न र शिक्षण सिकाई प्रभावकारी बनाउन मार्गदर्शन हुने यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनले वर्तमान शिक्षण सिकाई प्रक्रियामा विद्यमान कमीकमजोरीहरूलाई सुधार गरी वालमैत्रीपूर्ण सिकाई गर्नका लागि अभिप्रेरित गरेको छ । हाल आएर बालबालिकालाई हुर्काउँदा पढाउँदा अभिभावक वा शिक्षकहरूले गर्ने व्यवहारबाट कसरी अनुशासन र अन्य व्यक्तिमा गुणहरूलाई सँगसँगै विकास गरेर लैजान सकिन्छ  भन्ने कुरामा केन्द्रित भई कार्य गर्नु पर्ने आवश्यकता अनुसन्धानले देखाएको छ ।

दण्डले बालबालिकाहरूलाई परिस्थितिबाट भाग्न सिकाउँछ  र प्रतिशोधात्मक सोचको पनि विकास हुन्छ । दण्डबाट आत्मबल, अग्रसरता, अरुसँग घुलमिल हुने क्षमता तथा स्वावलम्बीपन घट्नुका साथै परनिर्भरता बढ्छ । शैक्षिक उपलब्धि र क्षणिक नियन्त्रणका लागि बालबालिकालाई दिइने दण्डहरू व्यक्तित्व विकासमा घातक सिद्ध भइसकेका छन् । यसर्थ यस अध्ययनले दण्डका विकल्पहरूको खोजी गरी असल अन्तर वैयक्तिक व्यवहार र व्यक्तित्व निर्माणका लागि सकारात्मक अनुशासन र धनात्मक पूनर्बललाई शिक्षण सिकाईमा प्रयोग गर्न सिकाएको छ ।

यस अनुसन्धान कार्यले विद्यालयका लागि सम्मानजनक शिक्षण विधिहरूको प्रयोग र दण्ड दिनै नपर्ने स्थिति सिर्जना कसरी गर्ने, यसका सकारात्मक र नकारात्मक परिणामहरू के-के रहेछन् भन्ने कुरा थाहा पाई मनोवैज्ञानिक र बालमैत्रीपूर्ण सिकाई गर्नका लागि सहयोगी र प्रेरणादायी भूमिका खेल्न सक्ने छ ।

त्यसरी नै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, विद्यालय प्रशासन समेतलाई बालमैत्री शिक्षणमा पुनर्वलको व्यवस्थापन सम्बन्धमा आवश्यक ज्ञान र

सीप प्राप्त भई आ-आफ्ना जिम्मेवारी र भूमिकालाई सुनिश्चित गरी विद्यालय र समुदायको समग्र वातावरण नै बाल विकास र सम्मानजनक शिक्षाका लागि उपयुक्त बनाउनका खातिर सहयोगी हुने अपेक्षा गरिएको छ ।

त्यसरी नै स्थानीय तथा राष्ट्रिय स्तरका नीति निर्माताहरू सरकारी तथा गैर सरकारी निकायहरू, जिल्ला शिक्षा कार्यालयका लागि पनि यस अनुसन्धान कार्यको अन्त्यमा दण्डरहित कक्षा व्यवस्थापनका पक्षमा आवश्यक नीति निर्माण गर्न र कार्यान्वयन गर्ने कुरामा उल्लेख्य सहयोग र योगदान पुग्न सक्ने छ भन्ने अपेक्षा गरिएको छ ।

यस अध्ययनको निष्कर्षका आधारमा स्थानीय तथा केन्द्रीय स्तरका नीति निर्माणकर्ताहरू तथा योजनाविद्हरू लगायत शिक्षण सिकाई क्रियाकलापमा संलग्न सबैलाई विभिन्न क्षेत्रका सम्बन्धित बिषयमा योजना निर्माण तथा अध्ययन अनुसन्धान गर्नका लागि महत्वपूर्ण आधार प्राप्त हुनेछ भन्ने अभिप्रायले समस्याको गहिराइसम्म पुगी समाधानका उपायहरू समेत पत्ता लगाउन यो विषयलाई छनोट गरिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

यस शोध अध्ययन कार्यका उद्देश्यहरू निम्न अनुसार छन्:

(क) बालमैत्री विद्यालयहरूको वर्तमान अवस्था पत्ता लगाउनु,

(ख) कक्षाकोठामा बालबालिकालाई दिइने दण्डहरूको लेखाजोखा गर्नु,

(ग) दण्डले बालबालिकालाई पार्न सक्ने असरहरूको खोजी गर्नु,

(घ) बालमैत्री शिक्षणमा देखिएका समस्या समाधानका उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

(क) बाल मैत्री विद्यालयका पक्षहरूको अवस्था कस्तो छ ?

(ख) अनुशासन भनेको के हो ?

(ग) शिक्षकले बालबालिकालाई किन दण्ड दिन्छन् ?

(घ) शिक्षकले बालबालिकालाई कस्ता प्रकारका दण्डहरू दिन्छन् ?

(ङ) दण्डका शारीरिक, मानसिक र सामाजिक असरहरू के-के हुन् सक्छन् ?

(च) दण्ड दिनै नपर्ने अवस्था सिर्जना गर्नका लागि के उपायहरू छन् ?

(छ) बालबालिकालाई अनुशासनमा राख्न दण्डका बैकल्पिक उपायहरू के-के हुनसक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन कार्यलाई संखुवा सभा जिल्ला धुपु स्रोत केन्द्र अन्तर्गत धुपु गा.वि.स.मा रहेका ३ वटा र मत्यपोखरी गा.वि.स.मा रहेका ३ वटा गरी जम्मा ६ वटा सामुदायिक विद्यालयहरूको प्राथमिक तहको बाल

मैत्री शिक्षणमा दण्डको व्यवस्थापनमा सीमित गरिएको छ। यसका साथै यस अध्ययन कार्यलाई दण्डका शारीरिक, मानसिक र सामाजिक असरहरूमा मात्र सिमित गरिएको छ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेदमा यस विषयसँग सम्बन्धित अन्य क्षेत्रमा के-के अध्ययन अनुसन्धान भएको छ? कुन-कुन साधन, सामग्री तथा विधिहरूको प्रयोग गरिएको छ ?, के-के सुझाव दिइएका छन् ? भन्ने विषयहरूको समीक्षा गरिएको छ । यसले सम्बन्धित विषयमा पहिले भएका खोजको मूल्याङ्कन गर्न सहयोग पुऱ्याएको छ भने विषयसँग सम्बन्धित समय समयमा प्रकाशित अनुसन्धानात्मक लेख, प्रतिवेदन तथा जर्नलहरूबाट विषयवस्तुको बारेमा धेरै जानकारी पाइएको छ । यिनै जानकारीहरूलाई निम्न अनुसार वर्णन गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समस्याहरूको  समाधानका विभिन्न विकल्पहरू हुन्छन् । यिनै  विकल्पको खोजी गर्नको लागि त्यस विषय वा समस्यासँग सम्बन्धित पूर्व साहित्यको  पुनरावलोकन गर्नुपर्छ । यस पुनरावलोकनले समस्याको समाधानको लागि के कस्ता विकल्पहरूको खोजी भइरहेका छन् भन्ने सम्बन्धमा यथार्थ जानकारी दिन्छ । शोधकर्तालाई खोजी हुन बाँकी समस्याको बारेमा अध्ययन केन्द्रित बनाउने अवसर प्राप्त हुन्छ । यसर्थ शोधकर्ताको लागि सम्बन्धित साहित्यको पुनरावलोकन गर्न अत्यन्त आवश्यक हुन्छ ।

रावतले गरेको एक अध्ययन अन्तर्गत प्राथमिक तहमा आर्थिक कठिनाईले पढ्नबाट बञ्चित भएका छात्राहरूलाई छात्रबृत्ति वितरण गरिसकेपछि छात्राको संख्यामा वृद्धि , कक्षा बिचैमा नछाड्ने , नियमित उपस्थिति हुने, उत्तीर्ण संख्यामा वृद्धि देखापरेको कुरा उल्लेख गरिएको छ । छात्रवृत्तिका कारण पढ्ने लेख्ने बानीमा परिवर्तन देखापरेको पाइएको छ । अशिक्षित अभिभावकमा छात्रवृत्ति सम्बन्धी चेतना र उत्प्रेरणाको कमी देखियो ।

यसको समाधानका लागि विद्यार्थी संख्याको अनुपातमा छात्रवृत्तिको कोटा वितरण गरिनु पर्ने, छात्रवृत्ति निश्चित समयमा वितरण गरिनुपर्ने, छात्रवृत्ति वितरण गर्न जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि गई अभिभावक भेला गराएर वितरण गर्नु पर्ने, छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन तथा निरीक्षण गरिनु पर्ने, स्थानीय उत्तेजक तथा प्रोत्साहनको व्यवस्था गरिनु पर्ने, छात्रवृत्ति पाउनुको औचित्यको बारेमा जानकारी दिनु पर्ने जस्ता कुरा आवश्यक देखिन्छन् भनी मत प्रस्तुत गरिएको छ (रावत,२०५८) ।

सापकोटाको अध्ययनमा शिक्षामा महिलाको सहभागिता निकै कमी भएको कुरा उल्लेख गरिएको छ । कक्षागत रुपमा छात्राहरूको परीक्षाको नतिजा हेर्दा कक्षा ६ देखि माथि उत्तीर्ण प्रतिशत कम, महिलाको साक्षरता स्थिति पुरुषभन्दा कम, छोरा छोरीको पढाई बारे बुझ्ने महिलाहरूको कमी, विद्यालयमा छात्राहरूलाई बढी कठिन लाग्ने विषयहरू अंग्रेजी र गणित देखिएकाले महिलालाई पुरुष सरह बनाउनका लागि शिक्षामा महिलालाई निःशुल्क गर्नु पर्ने, प्राथमिक तह सम्मको शिक्षा अनिवार्य र सर्वशुलभ हुन पर्ने, महिलाका लागि संरक्षण गर्नुपर्ने देखियो ।

महिलाको शैक्षिक अवस्थामा सुधार गर्नको लागि छात्रालाई निःशुल्क पढ्ने व्यवस्था तथा विभिन्न पेशामा आरक्षणको व्यवस्था गरिनुपर्ने , सामाजिक न्यायलाई जीवन्त राख्नको लागि नारी उत्थान आवश्यक र नारी शिक्षा अपरिहार्य देखियो । नारी शिक्षाको लागि सरकारी नीति नियम तथा जनचेतनामा सुधार ल्याउनु पर्ने धारणा उल्लेख गरिएको छ । उक्त अनुसन्धानमा उल्लेख भएको विद्यायल तह पूर्ण निःशुल्क हुनु पर्ने, प्राथामिक शिक्षा अनिवार्य हुनु पर्ने तथा विद्यालय र समाजमा लैंगिक समानता कायम हुनुपर्ने कुरा यस अनुसन्धानसँग पनि  सम्बन्धित छ (सापकोटा,२०६०)।

अधिकारीको अनुसन्धान प्रतिवेदनमा पश्चिम नेपालको सबैभन्दा शिक्षित भनेर चिनिने पाल्पा जिल्ला भरिको अनुपातलाई लिइएको छ । त्यसमा पनि विद्यालय उमेरका बालबालिकामध्ये पनि आर्थिक स्थिति कमजोर, अभिभावक अशिक्षित र निरक्षर भएर, कक्षाका साथीहरूसँग उमेर नमिलेर, सौतेनी आमाको कारण तथा पारिवारिक कलह, शिक्षकहरूको  दण्डका कारण विद्यालय छाड्ने गरेको देखिन्छ । उपरोक्त समस्यालाई पहिचान गरी त्यसको

निराकरणमा सम्पूर्ण तहबाट तिव्रताका साथ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै अगाडि बढाउँदै लैजानुपर्दछ ।

उक्त साहित्यमा उल्लेख भए जस्तै यस संखुवा सभा जिल्लामा अझै ९ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको अवस्थामा (जि.शि.का.,२०७०) र यी गा.वि.स.हरूमा केही प्रतिशत विद्यालय बाहिर रहँदा विद्यालयमा बालमैत्री शिक्षण सिकाइ गरी दण्डका विकल्पहरू खोजी गर्नुपर्दछ । उक्त साहित्यका सुझावहरू यस अध्ययनको लागि समेत उपयोगी हुनेछन् । जस्तैः पारिवारिक कलह, विद्यालयमा शिक्षकले दिने दण्ड , अभिभावकको निरक्षरता, कमजोर आर्थिक अवस्था आदि समस्याहरूको समाधानमा ध्यान पुग्न सकेमा अवश्य पनि बालबालिकाहरूको शैक्षिक सहभागितामा वृद्धि गर्न सकिन्छ (अधिकारी,२०६१)।

न्यौपानेले प्राथमिक तहमा दलित विद्यार्थीहरूले विद्यालय छोड्ने कारणहरू भन्ने शीर्षकमा अध्ययन अनुसन्धान गरेकामा कक्षा छोड्नका कारणहरूमा कक्षा व्यवस्थापन पनि पाइएकाले बालमैत्री कक्षा व्यवस्थापन शीर्षकमा अध्ययन अनुसन्धान गर्न ठूलो आधार मिलेको वा तयार भएको छ । यसको उद्देश्य प्राथमिक तहमा दलित बालबालिका विद्यालय छोड्नका कारण पत्ता लगाई त्यस्तो समस्याहरू पहिचान गर्दै प्रमुख उपायहरू उजागर गरेका छन् ।

यो अध्ययन वर्णनात्मक छ । प्राथमिक र द्वितीय तथ्याङ्कहरू यसमा प्रयोग गरिएको पाइयो । दलित बालबालिकाले विद्यालय छोड्नुको कारण पत्ता लगाउन पाँचथर जिल्लाको रानीटार गा.वि.स.का ३ वटा विद्यालयलाई केन्द्रित गरिएकाले सबै रानीटार लगायत अन्य क्षेत्रका विद्यालयलाई नसमेटिएको पाइयो ।

दलित विद्यार्थीहरूले विद्यालय छोड्नुका कारणहरू पारिवारिक शिक्षा कम, आर्थिक अवस्था कमजोर, चेतनामा कम, सरकारी अनुदान सम्बन्धित पक्षमा नपुग्नु, अनुदान कम हुनु, सामाजिक भेदभावको असर विद्यालयमा पनि पर्नु लगायत मध्ये एक प्रमुख कारण कक्षा व्यवस्थापन रहेको उल्लेख गरिएको पाइयो । बालबालिकाको शारीरिक, मानसिक,

संवेगात्मक र सामाजिक रुपमा उनीहरूको चाहना अनुरुप नभइ परम्परागत वा हचुवा शैलीमा कक्षा निर्माण र प्रयोग भएको कारण दलित बालबालिकाहरूले विद्यालय छोड्नु परेको स्थिति उल्लेख गरिएको पाइयो ।

विद्यार्थी विद्यालयमा टिकाइ राख्नु र निरन्तर कक्षामा उपस्थित गराउन पारिवारिक चेतना वृद्धि, आय स्तर वृद्धि, रोजगारको व्यवस्था, सरकारी अनुदानमा वृद्धि र अनुदान लक्षित पक्षमा सहजै पुऱ्याउनु र समाज लगायत विद्यालयमा भेदभावको अन्त्य गर्नु समान अवसर, सहभागिता लगायत विद्यालय र कक्षाकोठा राम्रो, सफा, बालबालिकाको चाहना अनुसारका साथै शारीरिक, मानसिक, सामाजिक रुपमा मिल्ने बालमैत्री कक्षा व्यवस्थापन भए विद्यार्थीहरू विद्यालय नछोड्ने र शिक्षण सिकाइ समेत प्रभावकारी हुने देखिन्छ (न्यौपाने,२०६८) ।

ढुंगानाले लिम्बू जातिका विद्यार्थीहरूको सहभागिता भन्ने शीर्षकमा अध्ययन अनुसन्धान गरेकोमा सामुदायिक विद्यालयमा लिम्बू जातिका विद्यार्थीहरूको एकदमै बाहुल्यता रहेको उल्लेख गरेको पाइयो । नियमितता भने न्यून रहेको पाइयो । त्यसको प्रमुख एक कारण कक्षाकोठा व्यवस्थापन पनि रहेको पाइयो । लिम्बू जातिको सामाजिक अवस्था र विद्यार्थीहरूको चाहनालाई ख्याल नगरिएकै कारण कक्षामा उपस्थिति कमि भएको उल्लेख छ । उपस्थित भएका लिम्बू विद्यार्थीहरूले पनि कक्षामा सहभागितामा कम चासो देखाएको पाइयो ।

कक्षामा उक्त जातिका विद्यार्थीहरू सहभागिता बढाउन लिम्बू जातिका सामाजिक अवस्थासँग मेल खाने वा उनीहरूको भाषागत कठिनाइलाई समाधान गर्न कक्षामा शिक्षण गर्ने शिक्षक लिम्बू भाषा जान्ने र लिम्बू जातिको रहनसहन सामाजिक अवस्था अध्ययन गरेका व्यक्ति हुनुपर्ने र कक्षा समेत बालबालिका अनुकूल भए लिम्बू जातिका विद्यार्थीहरूको सहभागिता बढाउन सकिने कुरा उल्लेख गरेको पाइयो (ढुंगाना,२०६८) ।

महतका अनुसार सार्की बालबालिकाहरूको प्राथमिक तहमा शैक्षिक अवस्थाका बारेमा र प्राथमिक तह पूरा नगरी कक्षा छाड्ने जस्ता समस्याहरू पहिचान गरी निराकरण गर्ने उपायहरूलाई उजागर गर्ने  रहेको छ ।

यो अध्ययन प्राथमिक र द्वितीय तथ्याङ्कहरू प्रयोग गरी वर्णनात्मक ढंगमा तयार गरिएको पाइयो । सार्की समुदायका बालबालिकाहरूको प्राथमिक तहमा शैक्षिक अवस्था न्यून हुनु, अन्य जातिको तुलनामा उमेर बढी, शैक्षिक स्तर कमजोर भएको उल्लेख छ । प्राथमिक तहमा नै कक्षा बीचैमा छाड्ने दर समेत बढी देखिन्छ । यस्तो हुनमा अभिभावक अशिक्षित हुनु, आर्थिक अवस्था कमजोर हुनु, विद्यालय पहुँचवाला व्यक्ति र समुदायको क्षेत्रमा हुने भएकोले सार्की समुदायबाट विद्यालय टाढा हुनु र भौतिक सुधार लगायत समावेशी र बालकेन्द्रित कक्षाकोठा समेत नहुनु आदि उल्लेख गरेको पाइयो । यस्तो समस्याहरूलाई निराकरण गर्न अभिभावकहरूको चेतना वृद्धि, रोजगार, आयमूलक र सीपमूलक कार्यक्रम सार्की समुदायको तल्लो स्तरसम्म पुऱ्याई शिक्षाप्रति सकारात्मक सोचको विकास गरी बालबालिकाहरू विद्यालय पठाउने र पढाउने प्रतिस्पर्धाको विकास गराउनु पर्ने उल्लेख गरेको पाइयो (महत,२०६५) ।

जि.शि.का. संखुवा सभाको बालमैत्री विद्यालय विकासको प्रयास र वर्तमानमा संखुवा सभाको शिक्षा झलक प्रतिवेदनमा बालमैत्री विद्यालय सञ्चालनका भौतिक, शैक्षिक पक्षका सुधार र बाधा चुनौति बारेमा प्रस्तुत गरिएको छ । जसमा बालमैत्री विद्यालयमा भएका सिकाइ प्रक्रियाका आधारभुत पक्षहरू, उद्देश्य, संखुवा सभा जिल्लामा सिकाई उपलब्धीहरू, समस्याहरू र आगामी दिनमा चालिनु पर्ने कदम उल्लेख गरेको पाइयो । बालमैत्री विद्यालयमा कक्षाकोठा व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलाप पछि भौतिक सुधार विस्तार, विद्यार्थीहरूमा व्यवहारिक परिवर्तन, विद्यार्थी उपलब्धि स्तर उच्च र शिक्षक, विद्यार्थी, अभिभावक बिच सुमधुर सम्बन्ध भएको पाइएको उल्लेख छ । विद्यालयले आर्थिक सहयोगको अपेक्षा बढी गरेको, बालमैत्री व्यवस्थापन र शिक्षण सिकाइप्रति शिक्षक, अभिभावक, वि.व्य.स.ले प्रतिबद्धताका साथ कार्यान्वयन नगरेको, उपलब्ध स्रोत साधनको सही सदुप्रयोग हुन नसकेको पाइएको उल्लेख छ ।

प्रभावकारी कार्यान्वयनका लागि सबै विद्यालयमा बालमैत्री विद्यालय र शिक्षण सिकाइको अनिवार्य थालनी र कार्यान्वयन गर्नुपर्ने योजना निर्माण गरी वि.व्य.स. तथा शि.अ.सं.को क्षमता वृद्धि गर्नुपर्ने, नियमित अनुगमन तथा विद्यालयलाई प्राविधिक र आर्थिक सहयोग गर्नुपर्ने उल्लेखनीय कार्य गर्ने विद्यालयलाई प्रोत्साहन व्यवस्था लगायत विद्यालय नियमितता विषयमा छलफल, गोष्ठी र अन्तरक्रिया गरी विद्यालय संचालन गरेमा गुणस्तरीय शिक्षा पूरा गर्ने लक्ष्य लिएको उल्लेख छ ( जि.शि.का. संखुवा सभा, २०७०) ।

राईको संखुवा सभा जिल्लाको शैक्षिक प्रतिवेदनमा संखुवा सभा जिल्लाको अवस्थाको बारेमा प्रस्तुत गरिएको छ । जसमा शैक्षिक उपलब्धि वृद्धि गर्न, शिक्षण सिकाइ प्रभावकारी बनाउन भौतिक, शैक्षिक र मनोवैज्ञानिक रुपमा व्यवस्थापन गर्नु पर्दछ । भौतिक व्यवस्थापनमा कक्षाकोठा समेत आधुनिक रुपमा विद्यार्थी अनुकूल हुनुपर्ने उल्लेख छ । भवन, डेक्स, वेन्च, कक्षाकोठा, शैक्षिक सामाग्री लगायतको व्यवस्थापन गरी विद्यालय संचालन गर्नुपर्ने उल्लेख पाइयो । सामुदायिक विद्यालयमा भौतिक व्यवस्थापन राम्रो नभएकोले शैक्षिक सुधार, विद्यार्थी नियमितता, विद्यालय छोड्ने दर घटाउन नसकिएको पाइएको छ । शैक्षिक सुधारको प्रमुख कडीका रुपमा विद्यालय व्यवस्थापन भएको प्रतिवेदनबाट उल्लेख भएको पाइयो ( राई,२०६३) ।

सेडाईंका अनुसार गुणस्तरीय शिक्षा विकासमा विद्यालय व्यवस्थापनको भूमिका विषयमा गरिएको अध्ययन चितवन जिल्लाको पिप्ले गा.वि.स.को सामुदायिक र खैरनी गा.वि.स.को नीजि विद्यालयको तुलनात्मक रुपमा गुणस्तरीय शिक्षामा विद्यालय व्यवस्थापनको भूमिका विषयमा अध्ययन गरी सामुदायिक विद्यालय र नीजि विद्यालयको शिक्षाको गुणस्तरमा व्यवस्थापनले खेलेको भूमिका पत्ता लगाउने अध्ययनको उद्देश्य उल्लेख छ ।

अनुसन्धान गुणात्मक ढाँचामा विभिन्न साधनहरू प्रश्नावली, अन्तर्वार्ता, छलफल, अवलोकन प्रयोग गरी प्राथमिक र द्वितीय तथ्याङ्कको स्रोतको आधारमा संकलन गरेको उल्लेख छ । सामुदायिक र नीजि विद्यालय बीचमा गुणस्तरीय शिक्षा व्यवस्थापनको तुलनात्मक रुपमा हेर्दा सामुदायिक विद्यालयमा समुदाय वा अभिभावकको लगानी कम हुने र शैक्षिक सुधार

घटे शिक्षकलाई कुनै असर नपर्ने र अभिभावकको लगानी नभएपछि त्यसमा चासो नहुने हुँदा शैक्षिक स्तर घटेको र नीजि विद्यालयमा संस्थापकले लगानी गर्ने र फाइदा घाटाको जिम्मेवारी स्वयम् हुने भएको र अभिभावकको लगानी हुने भएकोले आफ्नो बालबालिकाको पढाइ बारेमा सचेत हुने देखियो । तर विद्यालयको व्यवस्थापन सामुदायिक विद्यालयको जस्तो चासो नभएको र नीजि विद्यालयका संस्थापकहरू धेरै रकम असुलेर कम व्यवस्थापन गरेको पाइएको उल्लेख छ (सेडाई,२०६७) ।

गौतमका अनुसार मगर समुदायका बालबालिकाहरू अन्य गैर मगर भन्दा कक्षा कोठामा सहभागिता कम र कक्षाकोठामा बसाईमा समेत पछाडि बसेको उल्लेख भएको छ भने लजाएर घोप्टो मुन्टो लगाउने कुनै क्रियाकलापमा सहभागी नहुने र ठूलो जातिले आफ्नो घर भित्र पस्न र समान व्यवहार नभएको उल्लेख छ । मगर समुदायकै अवलोकन र अन्तर्वार्ताबाट मगर समुदाय भित्र पस्न नपाइएको उल्लेख छ । यसो हुनुमा गरिबी, शैक्षिक अवस्था न्यून, चेतना कमी, जग्गा जमिन कमी, समान व्यवहार र अवसर नभएको उल्लेख छ (गौतम,२०६७) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा जोन रावल (१९७२ )को “न्यायिक सिद्धान्त”लाई प्रयोग गरिएको छ । जोन रावल (१९७२) ले न्यायिक सिद्धान्तमा मानवीय आचरणको रमाइलो ढङ्गले विश्लेषण गरेका छन् । उनी भन्छन कि मानिसहरू आफ्नो अवस्था र समाजको हानिकारक विभेदीकरणप्रति कहिल्यै पनि सचेत छैनन् । किनभने उनीहरू बेवास्ता र विभेदीकरणको परिणामबाट हुने अन्यायको विरुद्धमा लड्दैनन् । त्यो विभेदीकरण नै भोली जातिगत, राजनैतिक, आर्थिक र सांस्कृतिक विभेद हुनसक्छ । यसले समाजलाई खण्डित बनाउने काम गर्छ र न्यायबाट बञ्चित तुल्याउँछ ।

उनको अवलोकन अनुसार मानिसहरू प्रायः आफ्नो फाइदाको लागि मात्र काम गर्छन् । यसको मतलव यिनिहरूलाई 'अहम्वादी' भन्न मिल्दैन जुन अपमानजनक शब्द हो । मस्पष्ट रुपमा भन्ने हो भने मानिसहरू महत्वकांक्षी छैनन् । उनीहरू न्यूनतम आवश्यकताप्रति सन्तुष्ट हुन र गुणस्तरीय जीवन जीउन प्रयास गर्छन् । जसलाई रावलले प्राथमिक वस्तुहरूको रुपमा व्याख्या गरेका छन् । यसमा स्वतन्त्रता, अवसर, आम्दानी, सम्पत्ति र आत्म-सम्मान समावेश हुन्छ । उनको मान्यता अनुसार मानिसले एक अर्कालाई कहिल्यै पनि ईर्श्याको भावना राख्नु हुँदैन जसको कारण एकले अर्कालाई फाइदाको रुपमा मात्र इच्छा प्रकट गरोस् । अर्को शब्दमा उनीहरू एकले अर्कालाई महत्वहीन व्यक्तिको रुपमा व्यक्त गर्छन् । वास्तवमा मानिसहरू परम्परागत मूल्य मान्यतालाई विश्वास गर्ने खालका छन् । यस्तो परम्परावादी सोचाइले मानिसको दिमागमा उदासिनताको अनुभव उजागर हुन्छ (काफ्ले,बासुदेव र ढकाल,हेमराज,२०६९) ।

रावलको न्यायिक सिद्धान्त भनेको सिद्धान्तको आंशिक कार्यप्रणाली हो । उनको अवलोकन अनुसार प्रत्येक समाजमा आ-आफ्नो नियम हुन्छ । जुन नियम सरकारले सामाजिक न्याय स्थापना गर्न समाजमा अभ्यास गरेको हुन्छ । तैपनि, उनी सावधान अपनाउन आग्रह गर्छन् कि त्यस्ता नियमहरूको ध्यानपूर्वक गरिएको प्रयोग र परम्परागत प्रयोगले मानिसहरूको दिमागमा न्यायप्रति असमझदारी सिर्जना हुनसक्छ । प्रत्येक व्यक्तिमा न्यायप्रति हेर्ने दृष्टिकोण फरक-फरक हुन्छ र त्यसलाई उपयुक्त विचार वा धारणाको रुपमा लिन सकिन्छ । उनका अनुसार सामाजिक अभ्यासको कार्यविधि र नियम समाजको मुद्दासँग सम्बन्धित र व्यक्तिको न्यायप्रतिको धारणा तथा विचार अनुसार लागू गर्नु पर्दछ ( शर्मा एण्ड शर्मा, २०६४) ।

रावलको सिद्धान्त अनुसार प्रत्येक व्यक्तिहरू संवैधानिक समाजमा बुद्धिसंगत अथवा तर्क गर्न सक्ने हुन्छन् । साथै उनीहरू न्यायको वकालत खुलेर गर्छन् । न्यायप्रतिको धारणा वा विचारले नै भविष्यमा समाजलाई न्यायिक समाज बनाउन संयन्त्र र सिद्धान्त निर्माण गर्न सहयोग पुऱ्याउँछन् । यो नै सामाजिक अवस्था र आर्थिक वातावरणको पृष्ठभूमि हो । त्यस्ता व्यक्तिहरू जो बौद्धिक स्तरका छन् , उनीहरू ब्रम्हाण्डको कुनै पनि ठाउँमा अनौठो अवस्था

सृजना गरेर रहन सक्छन् । उनीहरू एक ठाउँबाट अर्को ठाउँमा गई नयाँ र न्यायिक समाजको निर्माण गर्न सक्छन् । उनको सिद्धान्त अनुसार प्रत्येक व्यक्तिमा शिक्षा लिन पाउने अधिकार, स्वतन्त्र भई बाँच्न पाउने अधिकार, समाजमा सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ, जसले समाजमा रहेको असमानतालाई हटाउँछ । पिछडिएका र अल्पसंख्यक समुदायलाई स्वतन्त्रताको अधिकार, अवसर र राहत प्रदान गर्नुपर्छ, त्यसबाट न्यायसंगत समाजको निर्माण हुन्छ भनी रावलले उल्लेख गरेका छन् (ऐ.ऐ.) ।

## २.३ शैक्षिक उपादेयता

जोन रावलको न्यायिक सिद्धान्तले न्यायसङ्गत समाजको निर्माण गर्न शिक्षाबाट मात्र सम्भव हुने भएकोले प्राथमिक शिक्षादेखि नै न्याय र अन्यायको शिक्षा दिनु अनिवार्य हुन्छ । आफ्ना बालबालिकालाई शिक्षाबाट वञ्चित गराउनु अभिभावकले बालबालिकामाथि अन्याय गर्नु हो । तसर्थ प्राथमिक तहका विद्यार्थीदेखि अभिभावकसम्मलाई न्यायिक शिक्षा प्रदान गरी विद्यालयमा विद्यार्थीहरूको सहभागिता बढाउन जोन रावलको न्यायिक सिद्धान्तले सहयोग पुऱ्याउँदछ ।

साहित्यको समीक्षाबाट यी गा.वि.स.का प्राथमिक तहका बालबालिकाहरूको सहभागितालाई वास्तविक रुपमा प्रभावकारी वनाउन स्थानीय निकाय, सरकारी तथा गैर सरकारी निकाय, स्थानीय समूदाय, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासन सबैले आ-आफ्नो ठाँउबाट जिम्मेवार ढंगले प्रयत्न गर्नु पर्ने देखिन्छ । परिवार तथा विद्यालयमा दिइने शारीरिक र मानसिक दण्ड सजायहरूले उसको तत्कालिक शिक्षा र स्वास्थ्यमा मात्र असर नपारी सिङ्गो भविष्यमा समेत दुरगामी असर पार्ने भएकोले बालमैत्रीपूर्ण र सम्मानजनक शिक्षण गरी विद्यालय तथा कक्षाकोठामा पुनर्वलहरूको उचित व्यवस्थापन र बैकल्पिक सकारात्मक उपायहरूको खोजी र प्रयोग गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद तीन :
# अध्ययन विधि

अनुसन्धान कार्यलाई सही दिशाबोध गरी उद्देश्य हासिल गर्नका लागि निश्चित अध्ययन विधिको आवश्यकता पर्दछ । यस परिच्छेदमा अनुसन्धानको ढाँचा, जनसंख्या, नमूना छनौट, तथ्याङ्क सङ्कलनका साधनहरू, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

निश्चित अध्ययनलाई उचित निष्कर्षमा पुऱ्याउन अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । सेलिजका अनुसार अनुसन्धानका लागि आवश्यक तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण कम लागतमा सान्दर्भिक हुन सकोस् भनी गरिने व्यवस्था नै अनुसन्धान ढाँचा हो । अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व तयारी बिना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ  (खनाल, २०६३) ।

तसर्थ यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण कम लागतमा नै सम्पन्न होस् भन्नका लागि ६ वटै विद्यालयका विद्यार्थी संख्याको आधारमा सहभागितात्मक अध्ययनको लागि गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यस अध्ययनमा समस्याहरू पत्ता लगाई व्याख्या र विश्लेषण गर्दा नामरुपी तथा क्रमागत स्केलमा मापन वा शाब्दिक रुपमा सङ्कलन गरिएका असाङ्ख्यिक तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा निष्कर्षमा पुग्न गुणात्मक ढाँचालाई प्रयोग गरिएको छ । जस्तैः अन्तर्वार्ता, प्रश्नावली , प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजको प्रयोगबाट गुणात्मक अनुसन्धान ढाँचामा तथ्याङ्कको सङ्कलन र विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

अनुसन्धानकर्ताले अनुसन्धान गर्न चाहेका व्यक्ति, घटना वा वस्तुहरूको समूहलाई जनसंख्या भनिन्छ । कुनै पनि व्यक्ति, घटना वा वस्तुको जनसङ्ख्याबाट अध्ययन अनुसन्धानका लागि सानो समूहको छनौट गर्ने प्रक्रियालाई नमूना छनौट भनिन्छ, जसको माध्यमबाट नमूनाको विशेषतालाई जनसंख्यामा सामान्यीकरण गर्न सकिन्छ (अधिकारी र पाण्डे, २०६७) ।

### ३.२.१ जनसंख्या

यस अध्ययन कार्यमा संखुवा सभा जिल्ला धुपु स्रोतकेन्द्र अन्तर्गत धुपु र मत्यपोखरी गा.वि.स.मा पर्ने १८ वटा सामूदायिक विद्यालयहरूका प्रधानाध्यापकहरू १८ जना, विद्यार्थीहरू १४२४ जना, प्राथमिक शिक्षकहरू ९६ जना, अभिभावकहरू १२०३ जना, अभिभावक बाहेकका वि.व्य.स.पदाधिकारी १३ जना, उक्त स्रोत केन्द्रका स्रोत व्यक्ति १ जना गरी जम्मा २७५५ जनालाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूना छनौट

कुनैपनि समस्याको अध्ययन अनुसन्धान गर्दा समस्याको पूरै भागको अध्ययन गर्न प्रयोगात्मक रूपले कठिन हुन्छ । समय, साधन र खर्चको हिसाबले बढी जटिल र अस्वभाविक नहोस् भन्ने उद्देश्यले प्रस्तावित क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नमूना छनौट गरिएको छ । नमूनाको रुपमा संखुवा सभा जिल्ला धुपु स्रोत केन्द्र अन्तर्गत रहेका १८ वटा सामूदायिक विद्यालयहरूमध्ये धुपु गा.वि.स. मा रहेका ३ वटा र मत्यपोखरी गा.वि.स. मा रहेका ३ वटा सामुदायिक विद्यालयहरू, ती विद्यालयहरूका प्रधानाध्यापकहरू ६ जना, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू ६ जना, स्रोत व्यक्ति १ जना, उक्त विद्यालयमा कार्यरत शिक्षकहरू २३ जना मध्ये १८ जना, नमूनामा परेका ६ वटा विद्यालयका २०८ जना विद्यार्थीमध्ये ३० जना, १८१ जना अभिभावकहरूमध्येबाट ३० जना रहेका छन् ।

### ३.२.३ नमूना छनौट विधि

यस अनुसन्धानका लागि संखुवा सभा जिल्लामा रहेका ११ वटा स्रोत केन्द्रबाट सम्भावनारहित उद्देश्यपूर्ण नमूना छनौट विधि प्रयोग गरी धुपु स्रोत केन्द्र छनौट गरिएको छ । धुपु स्रोत केन्द्र अन्तर्गत धुपु गा.वि.स.मा रहेका ९ वटा सामूदायिक विद्यालयहरूबाट ३ वटा र मत्यपोखरी गा.वि.स.मा रहेका ९ वटा सामूदायिक विद्यालयहरूबाट ३ वटा गरी जम्मा ६ वटा विद्यालयहरू सामान्य सम्भावनायुक्त नमूना छनौट विधि प्रयोग गरी छनौट गरिएको छ । यसै गरी अध्ययन कार्यको पूर्णताका लागि ६ वटै विद्यालयका प्रधानाध्यापकहरू ६ जना, विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू ६ जना, स्रोतव्यक्ति १ जना, १८ जना शिक्षकहरू, ३० जना विद्यार्थीहरू र ३० जना अभिभावकहरू सम्भावनारहित उद्देश्यपूर्ण नमूना छनौट विधिबाट छनौट गरी प्राथमिक तहमा प्रचलित दण्डहरू, दण्डका प्रकारहरू र असरहरू तथा दण्डका बैकल्पिक उपायहरू लगायत पुनर्वल व्यवस्थापनका सम्बन्धमा आवश्यक अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

अनुसन्धानलाई उद्देश्यमूलक बनाउनको लागि तथ्याङ्कको प्रयोग गरिन्छ । कुनै पनि कार्यलाई पूर्णता दिनका लागि त्यसको प्रकृति हेरी तथ्याङ्क सङ्कलन गर्न विभिन्न किसिमका साधनहरूको निर्माण गरिनुपर्ने हुन्छ, अनि मात्र अनुसन्धान अर्थपूर्ण हुन्छ । तसर्थ यस अध्ययन कार्यलाई पूर्णता दिन निम्न किसिमका तथ्याङ्कका साधनहरूको निर्माण र प्रयोग गरिएको छ ।

### ३.३.१ अन्तर्वार्ता सूची

प्राथमिक तहको बालमैत्री विद्यालयको अवस्था अध्ययन गर्न र बालमैत्रिपूर्ण शिक्षण कार्यमा पुनर्वलको व्यवस्थापन विषयमा सम्बन्धित वि.व्य.स., शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवालाहरूसँग अनौपचारिक र अनुसन्धानात्मक अन्तरवार्ता गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ता सूची अनुसूची-१ मा संलग्न गरिएको छ ।

### ३.३.२ प्रश्नावली

प्राथमिक तहका बालबालिकाहरू लाई दिइने शारीरिक र मानसिक दण्डहरू र विकल्पहरूका बारेमा यथार्थता पत्ता लगाई पुनर्वलको व्यवस्थापनका उपायहरू खोजी गर्न र बालमैत्री विद्यालयहरूको अवस्था अध्ययन गर्न प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीसँग सोध्नका खुल्ला प्रश्नावली तयार पारिएको छ । उक्त प्रश्नावली प्राथमिक तहका बालबालिकाहरूलाई दिइने दण्डहरू, त्यसको असर र विकल्पका बारेमा केन्द्रित रहेको छ । अनुसूची-२ मा अभिभावकसँग गरिने प्रश्नावली, अनुसूची-३ मा शिक्षकसँग सोधिने प्रश्नावली, अनुसूची-४ मा प्रधानाध्यापकसँग सोधिने प्रश्नावली, अनुसूची ५ मा विद्यार्थीलाई गरिने प्रश्नावली संलग्न गरिएको छ ।

### ३.३.३ विद्यालय सर्वेक्षण फाराम

यस कार्यको लागि छनोटमा परेका छ वटा विद्यालयहरूमा बालमैत्री कक्षा सर्वेक्षण गरी प्रचलित शारीरिक र मानसिक दण्डहरूको विवरण प्रस्तुत गरिएको छ। यस विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययनरत विद्यार्थीहरूको विवरण, विद्यार्थीको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने विवरण प्रस्तुत गरिएको छ। अनुसूची ६, ७ र ८ मा यस सम्बन्धी फारामहरू संलग्न गरिएको छ।

### ३.३.४ कक्षा अवलोकन फाराम

शिक्षकले कक्षाकोठामा देखाएको जाँगर र विद्यार्थीप्रति गर्ने व्यवहार बुझ्न अध्ययनकर्ताद्वारा कक्षाकोठा अवलोकन गरिएको छ। यसका साथै शिक्षक र विद्यार्थीबीचको वास्तविक सम्बन्ध, कक्षा अनुशासन कायम गर्न शिक्षकले प्रयोग गर्ने सकारात्मक र नकारात्मक विधि, शिक्षकले बालबालिकाप्रति गर्ने व्यवहार र बालबालिकाको सहभागिता हेर्न कक्षा अवलोकन गरिएको छ। कक्षा व्यवस्थापनका अतिरिक्त विद्यार्थीका कक्षा क्रियाकलापको सम्पूर्ण अध्ययन गर्ने प्रयत्न गरिएको छ। यस सम्बन्धी कक्षा अवलोकन फाराम अनुसूचि-९ मा संलग्न गरिएको छ।

### ३.३.५ लक्षित समूह छलफल सूची

विद्यालयमा भर्ना भएका बालबालिकाको यथार्थता बुझ्नको लागि अनुसन्धानकर्ता स्वयं नमूना छनौटमा परेका विद्यालयमा गई कक्षा १ देखि ५ मा अध्ययनरत ६ वटै विद्यालयका विद्यार्थीहरूलाई आवश्यक प्रश्न सोध्नका साथै उनीहरूको व्यवहारको अवलोकन गरिएको छ। प्राथमिक विद्यालय छोडेका बालबालिकाहरूका अभिभावकहरूसँग आवश्यक छलफल र अन्तरक्रिया गरी वास्तविकताको अध्ययन गरिएको छ । लक्षित समूह छलफल सूची अनुसूची-१० मा संलग्न गरिएको छ।

### ३.४ तथ्याङ्कको स्रोत

तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत मानिन्छ, अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्त हुने स्रोतहरू फरक-फरक हुन सक्छन्
(खनाल, २०६३ ) ।

यस अध्ययन कार्यलाई पूर्णता दिनका लागि तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोत र स्थलगत सर्वेक्षणलाई नै प्रमुख रूपमा लिइएको छ । मुख्यतया: यसका लागि निम्न २ वटा स्रोतहरूलाई अवलम्बन गरिएको छ :

#### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलोपटक सङ्कलन गरिएका तथ्याङ्कलाई प्राथमिक स्रोत भनिन्छ । अन्तर्वार्ता, प्रश्नावली, अवलोकनका माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनको लागि आवश्यक तथ्याङ्कहरूको सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका रूपमा यस नांगीन स्रोत केन्द्र अन्तर्गत लुङ्गरुपा गा.वि.स. का ३ वटा र नांगीन गा.वि.स.का ३ वटा सामुदायिक विद्यालयहरूको स्थलगत सर्वेक्षण नै प्रमुख रहेको छ । जसलाई पूर्णता दिनका लागि नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकसँग आवश्यक प्रश्नावलीहरू सोधी तथा विद्यालय, समुदाय र कक्षा अवलोकनका माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै सम्बन्धित सरोकारवालासँग अनौपचारिक अन्तर्वार्ताबाट समेत आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानको सिलसिलामा पूर्वप्रकाशित तथा सङ्कलित तथ्याङ्कहरूलाई सहायक स्रोत भनिन्छ । अनुसन्धानकर्ताद्वारा विद्यालय रेकर्ड तथा विभिन्न संघ-संस्थाबाट प्रकाशित प्रतिवेदन,

पत्रपत्रिका, पुस्तक तथा लेख रचनाहरू सङ्कलन गरी त्यहाँबाट प्राप्त आवश्यक तथ्याङ्कलाई द्वितीय स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययन एवं अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन गर्न निर्माण गरिएका साधनहरूको सहायताले संखुवा सभा जिल्ला धुपु स्रोत केन्द्र अन्तर्गत धुपु गा.वि.स. र मत्यपोखरी गा.वि.स.मा सञ्चालित ६ वटा सामुदायिक विद्यालयहरूमा अनुसन्धानकर्ता स्वयं उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ ।

नमूनामा परेका छ वटा सामूदायिक विद्यालयहरूमध्ये सर्वप्रथम श्री जनज्योती उ.मा.वि. धुपु-३, मा तथ्याङ्क सङ्कलन कार्य गरियो । पहिलो दिन अनुसन्धानकर्ता विद्यालयमा गइ प्रधानाध्यापक सँग भेट अभिवादनका साथ आपसी परिचय गरी आफ्नो अनुसन्धानको बारेमा बताइयो । बालमैत्री शिक्षणमा पुनर्वलको व्यवस्थापन विषयमा अनुसन्धान गर्ने क्रममा बालमैत्री विद्यालयको अवस्था, दण्डको अवस्था, प्रकार, असर तथा दण्डका बैकल्पिक उपायहरूका बारेमा तथ्याङ्क सङ्कलन गर्नका लागि आफू विद्यालयमा उपस्थित भएको कुरा प्राचार्यलाई जानकारी गराइयो । आफूले तयार गरी ल्याएको प्रश्नावली प्राचार्यलाई दिई समय मिलाएर प्रश्नावली भरिदिन अनुरोध गरियो । साथै ३ जना शिक्षक, ५ जना अभिभावक र ५ जना विद्यार्थीहरू नमुनाको रुपमा छनौट गर्नु पर्ने कुरा प्राचार्यलाई अवगत गराई वहाँको सहयोगमा समभावनारहित उद्देश्यपूर्ण नमूना छनौट विधि प्रयोग गरी शिक्षक, विद्यार्थी र अभिभावक छनौट गरियो । त्यसपछि प्रश्नावली, अन्तर्वार्ता र छलफलका लागि वि.व्य.स.,शि.अ.सं. र अभिभावकहरूलाई पत्राचार गरि बैठक र भेला बोलाई दिनका लागि अनुरोध गरियो । जस अनुसार प्राचार्यले २ दिन पछिलाई वि.व्य.स. र शि.अ.सं. को बैठक तथा अभिभावक भेला डाक्नुभयो । बाँकी तथ्याङ्क सङ्कलनका लागि भोलिपल्ट आउने कुरा राखी प्रधानाध्यापक सँग विदा भइयो ।

दोस्रो दिन पुनः विद्यालयमा पुगेर प्रधानाध्यापकसँग भेट गरी अघिल्लो दिन दिइएको प्रश्नावली सङ्कलन गरियो । त्यसरी नै प्रधानाध्यपकको सहयोगमा अन्तर्वार्ता सूचीको आधारमा शिक्षक, विद्यार्थी र प्राचार्यसँग छुट्टा-छुट्टै अन्तर्वार्ता सञ्चालन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरियो । टिफिन समयमा आफ्नो अनुसन्धानको उद्देश्य बताउँदै छनौटमा परेका शिक्षक र विद्यार्थीहरूलाई प्रश्नावली दिई भरेर फिर्ता दिन अनुरोध गरियो । त्यसपछि बाँडिएका प्रश्नावलीहरू सङ्कलन गरियो । प्राचार्यको सहयोगमा कक्षा शिक्षकहरूसँग परिचय र सहयोगका साथ विद्यार्थी विवरण फाराम भरियो । त्यसरी नै बालमैत्री विद्यालय सर्वेक्षण फाराम भरी विविध पक्षहरूबारे तथ्याङ्क सङ्कलन गरियो । प्राचार्यको सहयोगमा शारीरिक र मानसिक दण्ड सम्बन्धी सर्वेक्षण फाराम प्रयोग गरी कक्षा १ देखि ५ सम्म कक्षामा नै गई आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।

तेस्रो दिन विद्यालयमा गई प्रधानाध्यापकको अनुमति र कक्षा शिक्षकहरूको सहयोगमा विद्यालय विवरण फाराम-२०७० (फ्लास-१ र फ्लास-२), विद्यार्थी भर्ना पुस्तिका २०७० तथा वार्षिक परीक्षाको नतिजा २०७० को अध्ययन विश्लेषण गरी बिचैमा विद्यालय छाड्ने र कक्षामा नियमित उपस्थित नहुने विद्यार्थी र अभिभावकको विवरण सङ्कलन गरियो । त्यसरी विद्यालय छाड्ने र अनियमित हुने कारणका बारेमा शिक्षक र प्राचार्यसँग आवश्यक छलफल गरियो । छलफलका क्रममा दण्डका असरहरूबारेमा अनुसूची-९ अनुसारको फाराम प्रयोग गरी विवरण सङ्कलन गरियो । त्यसपछि दण्डका असरहरू सम्बन्धी फाराम प्रयोग गरी कक्षा-१ देखि ५ सम्म कक्षामा नै गई शारीरिक, मानसिक र सामाजिक असरहरूका बारेमा आवश्यक तथ्याङ्क सङ्कलन गरियो । अपरान्ह १२ बजे वि.व्य.स. र शि.अ.सं.को संयुक्त बैठक बस्यो । वि.व्य.स. र शि.अ.सं.सँग आपसी परिचयात्मक कार्यक्रम भयो । तत् पश्चात् प्राचार्यको अनुमतिमा आफ्नो अनुसन्धानको परिचय र उद्देश्यमाथि प्रकाश पार्दै बालमैत्री विद्यालयका पक्षहरूको अवस्था, विद्यालयमा प्रयोग भइरहेका दण्डहरू, दण्डका कारणहरू, दण्डले बालबालिकामा पार्ने असरहरू तथा दण्डका बैकल्पिक उपायहरू तथा पुनर्वलको व्यवस्थापनका बारेमा व्यापक छलफल र अन्तरक्रिया गरी प्राप्त सूचनाहरूलाई बुँदागत रुपमा टिपोट गरियो । बैठकको अन्त्यमा विद्यालय प्रशासनले चियापान गराएको थियो । त्यसपछि प्राचार्यसँग भेट गरी अनुसूची-११ अनुसारको लक्षित समूह छलफल सूचीबारे

जानकारी गराइयो । तीन बजेमात्र अपेक्षित संख्यामा अभिभावकहरू भेला भएपछि प्राचार्यको अनुमतिमा आफ्नो अनुसन्धानको परिचय र उद्देश्यमाथि प्रकाश पार्दै बालमैत्री विद्यालयका पक्षहरूको अवस्था, विद्यालयमा प्रयोग भइरहेका दण्डहरू, दण्डका कारणहरू, दण्डले बालबालिकामा पार्ने असरहरू तथा दण्डका बैकल्पिक  उपायहरूका बारेमा व्यापक छलफल र अन्तरक्रिया गरी प्राप्त सूचनाहरूलाई बुँदागत रुपमा टिपोट गरियो । छलफलको समाप्तिपछि पहिलो दिन छनौट गरिएका ५ जना अभिभावकहरूलाई अनुसन्धानको बारेमा जानकारी गराई प्रश्नावलीका बारेमा स्पष्ट पारी प्रश्नावली भर्न लगाइयो । उक्त प्रश्नावली सङ्कलन गरी प्राचार्यलाई जानकारी गराई त्यस दिनलाई विदा भइयो ।

चौथो दिन विद्यालयमा पुगि प्रधानाध्यापधक र कक्षा शिक्षकहरूको सहयोगमा अनुसूची-१० अनुसारको कक्षा अवलोकन फाराम प्रयोग गरी कक्षा-१ देखि ५ सम्म पालैपालो अवलोकन गरी बालमैत्री शिक्षा र दण्डका बारेमा आवश्यक तथ्याङ्क सङ्कलन गरियो । तेस्रो दिन सङ्कलन गरिएका बिचैमा विद्यालय छाड्ने र अनियमित विद्यार्थीहरूका बारेमा विद्यार्थीहरूसँगको व्यक्तिगत तथा सामूहिक कुराकानी र छलफलबाट यथार्थता बुझ्ने काम गरियो । अन्त्यमा, यस विद्यालयमा तथ्याङ्क सङ्कलन कार्य सकिएको र आफ्नो अनुसन्धान कार्य सम्पन्न भएपछि अनुसन्धानको १ प्रति विद्यालयमा उपलब्ध गराउने प्रतिबद्धताका साथ विद्यालयबाट विदा लिइयो । सोही दिन दिउँसो बिचैमा विद्यालय छाड्ने र कक्षामा अनियमित हुने विद्यार्थी र अभिभावकहरूको विवरणका आधारमा घरमा नै गई विद्यालय छाड्ने र अनियमित हुने कारण, विद्यालयमा दण्डको अवस्था, कारण, असर तथा दण्डका बैकल्पिक उपायहरू तथा पुनर्वलको व्यवस्थापनको बारेमा कुराकानी र छलफल गरी प्राप्त तथ्याङ्क टिपोट गरियो ।

माथिकै प्रक्रिया अपनाई अनुसूची-१२ मा उल्लेखित बाँकी ५ वटा विद्यालयहरूमा पनि तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क सङ्कलन कार्यबाट प्राप्त तथ्याङ्कहरूलाई अनुसन्धानको उद्देश्य अनुसार स्तरीकरण, सूचीकरण गर्दै अनुसन्धानको उद्देश्यानुसार व्याख्या र विश्लेषण गरिएको छ । अवलोकन, विद्यालय सर्वेक्षण, लक्षित समूह छलफलबाट आएका विचार र सुझावहरूलाई अनुसन्धानको परिधिभित्र रहेर आवश्यक व्याख्या, विश्लेषण गरी निष्कर्ष निकालिएको छ । त्यसरी नै विद्यालयका अभिलेखहरू, सम्बन्धित पुस्तक तथा पत्रपत्रिकाहरूका लेखहरूको आवश्यक अध्ययन र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार :
# नतिजा विश्लेषण

यस परिच्छेदमा धुपू स्रोतकेन्द्र अन्तर्गत धुपु गा.वि.स. र मत्यपोखरी गा.वि.स. बाट नमूना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरूका प्रधानाध्यापक, अभिभावक, शिक्षक, विद्यार्थी र सरोकारवालाहरूसँगको व्यक्तिगत र सामुहिक कुराकानी, अन्तरक्रिया, प्रश्नावली, अन्तर्वार्ता, सर्वेक्षण र छलफलबाट आएको नतिजालाई विभिन्न बुँदाहरूमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ४.१ बालमैत्री विद्यालयहरूको अवस्था

यस धुपु स्रोतकेन्द्र अन्तर्गत छनौटमा परेका धुपु गा.वि.स. र मत्यपोखरी गा.वि.स. मा रहेका ६ वटै सामूदायिक विद्यालयहरूमा बालमैत्री कक्षा सञ्चालन भइरहेको कागजी रेकर्ड भएतापनि स्थलगत अवलोकन र सम्बन्धित विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरूसँगको प्रश्नावली, छलफल र अन्तरक्रियाबाट बालमैत्री विद्यालयका विभिन्न पक्षहरूको अवस्था निम्नानुसार पाइयो :-

### ४.१.१ प्रभावकारिता

यस छनौटमा परेका विद्यालयहरूको स्थलगत अध्ययन र विश्लेषण गर्दा शैक्षिक गतिविधिहरू बालबालिकाको हित, रुचि, क्षमता र आवश्यकता अनुकुल नभएको पाइयो । दुई वटा विद्यालयका ३ जना शिक्षकहरूसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता नभएको पाइयो । शिक्षक र विद्यार्थी पर्याप्त उत्प्रेरित हुन नसक्दा सिकाइ प्रभावकारी हुन नसकेको तथा पर्याप्त शैक्षिक सामग्री र खेल सामग्री नभएको पाइयो । चार वटा विद्यालयहरूमा छपाइ, खरिद, ढुवानी जस्ता कारणहरू देखाई शैक्षिक सत्र शुरु भएको २ महिनासम्म पनि

पाठ्यक्रम र पाठ्यपुस्तकहरू विद्यालयमा उपलब्ध हुन नसकेको देखियो । यसका साथै विद्यालयहरूको दीर्घकालिन सोच, योजना तथा तत्कालिन कार्यक्रमहरूले प्रवर्तनात्मक, सिर्जनशीलता र परिवर्तनलाई आत्मसात् गर्दै बालमैत्री वातावरण प्रवर्द्धन गर्नुपर्नेमा पुरानै तरिका र सोचबाट विद्यालयलाई सञ्चालन गर्न खोजेको देखियो । विद्यालयका अधिकांश गतिविधिहरूमा तीन वटा विद्यालयहरू बाहेक सिकाई प्रक्रिया बालमैत्रीपूर्ण र सिकाईका नतिजाहरू गुणस्तरीय हुन नसकेको पाइयो ।

### ४.१.२ समावेशीकरण

छनौटमा परेका सबै विद्यालयहरूमा एकअर्कालाई बुझ्ने, आदर गर्ने, शैक्षिक आवश्यकतामा प्रतिक्रिया दिने, सबै बालबालिकाहरूको अनुभव, चाहना र मूल्य मान्यतालाई समावेश गर्न सकेको पाइएन । विद्यालयहरूमा जातीय विभेद खासै नदेखिएता पनि लैङ्गिक विभेद भने प्रस्टै देखियो । अधिकांश छोरीहरू घरायसी कार्यबोझका कारण विद्यालयमा कम उपस्थित भएको पाइयो । शैक्षिक समावेशीकरणले सम्पूर्ण बालबालिकाहरूको सामाजिक, साँस्कृतिक, शैक्षिक आवश्यकतालाई पूरा गर्ने खालको सिकाइमैत्री वातावरण अवलम्बन गर्न प्रोत्साहित गर्न सक्नुपर्नेमा विद्यालय र समूदायको उत्तरदायित्व बहनमा कमि देखिएकाले २५ जना बालबालिकाहरू आधारभूत शिक्षा पाउने अधिकारबाट समेत वञ्चित रहेको पाइयो । यी दुवै गा.वि.स.हरूमा रहेका विद्यालयहरूको अवस्था अध्ययन गर्दा दलित, जनजाती बालबालिका, अपाङ्गता भएका बालबालिका, यौनशोषणमा परेका तथा कम उमेरमा नै विवाह गरेका बालबालिकाहरू, गरिबीबाट ग्रस्त बालबालिकाहरू र अनाथ बालबालिकाहरू आधारभूत शिक्षाबाट वञ्चित रहेको पाइयो । यसका साथै मातृभाषाबाट पूर्ण प्रभावित बालबालिकाहरूलाई विद्यालय शिक्षामा नेपाली, अंग्रेजी जस्ता भाषामा अध्ययन गर्न कठिनाई हुने र मातृभाषामा नै शिक्षण गर्न पनि एकै कक्षामा २ देखि ३ समूदाय र मातृभाषाका बालबालिकाहरू भएकोले थप कठिनाइ हुने गरेको पाइयो । शिक्षणमा समावेशीकरण गर्न विद्यार्थीहरूको बसाई व्यवस्था, शिक्षक विद्यार्थीको व्यक्तिगत सम्पर्क, शिक्षकले विद्यार्थीलाई सम्बोधन गर्दा प्रयोग गरिने बालमैत्री भाषा, दण्डरहित र भयरहित शिक्षण, विद्यार्थीको व्यक्तिगत आवश्यकताका आधारमा शिक्षकबाट सहयोग जस्ता विषयमा शिक्षकहरूमा

पर्याप्त ज्ञान तथा सीप नभएको देखिनुको साथै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिबाट समेत आवश्यक अनुगमन हुन नसकेको पाइयो ।

### ४.१.३ शिक्षामा लैङ्गिक पक्ष

छनौटमा परेका विद्यालयहरूमा छात्राको पहुँच अझै पनि तुलनात्मक रुपमा कम रहेको पाइयो । गरिबी, बालविवाह, चेतनाको कमी, घरभित्र र बाहिर काम गर्नुपर्ने बाध्यता आदि जस्ता कारणहरूले बालिकाहरू विद्यालयमा अपेक्षित रुपमा सहभागी हुन नसकेको पाइयो । विद्यालय भित्रको वातावरण तथा व्यवहार छात्रामैत्री नहुनाले पनि उनीहरूको सहभागिता कमजोर बनाएको पाइयो । विशेष गरी छनौटमा परेका विद्यालयहरूमध्ये ४ वटा विद्यालयहरूमा छात्राहरूका लागि अलग्गै शौचालय नहुनाले छात्राहरूलाई कठिनाई भइरहेको पाइयो । प्रत्येक विद्यालयहरूमा न्यूनताम ३३ प्रतिशत महिला शिक्षक हुनुपर्नेमा ३ वटा विद्यालयहरूमा १ जना पनि महिला शिक्षक नरहेको पाइयो । सबै विद्यालयहरूमा सरकारी स्रोतबाट वितरण हुने छात्रवृत्ति रकम समेत सम्पूर्ण बालिकाहरूलाई पुग्ने गरी जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध नहुँदा कम रकमलाई नै सबै छात्राहरूलाई मिलाएर दामासाहीले बाँढ्नुपर्ने बाध्यता रहेको पाइयो ।

### ४.१.४. बालबालिका, परिवार र समुदायको सहभागिता

विद्यालय सञ्चालनको प्रमुख जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक र शिक्षक, अभिभावकको रहेको हुने तथा विद्यालयको नीति निर्माण, योजना तर्जुमा र कार्यक्रम सञ्चालनमा बालबालिका, अभिभावक र समुदायको सक्रिय एवं निरन्तर सहभागिता आवश्यक पर्नेमा ३ वटा विद्यालयले माइन्युटमा सही मात्र गर्न अन्य पक्षलाई बोलाई सम्पूर्ण कार्य एक्लै गर्ने गरेको पाइयो । जसका कारण विद्यालयको शैक्षिक, भौतिक तथा अन्य पक्षहरूको विकासमा विद्यार्थी, अभिभावक तथा समूदायको अपनत्व कम हुनुका साथै सहभागिता न्यून रहेको पाइयो ।

### ४.१.५ स्वास्थ्य, सुरक्षा र बचावट

सबै विद्यालयहरूले हरेक विद्यार्थीको स्वास्थ्य विवरणलाई व्यवस्थित र अध्यावधिक गराई स्वास्थ्य समस्या परेको खण्डमा यथाशिघ्र उपचारको लागि प्रोत्साहित गर्ने गरेको पाइएन । विद्यालयमा बालबालिकाहरूका लागि उपयुक्त सुरक्षाका उपायहरू समेत अबलम्वन नगर्दा विभिन्न प्रकारका दुर्घटनाहरू हुने गरेको पाइयो । ५ वटा विद्यालयमा स्वस्थकर वातावरण र सुरक्षित कक्षाकोठा, शुद्ध पिउने पानीको व्यवस्था, सफा र बालमैत्री शौचालयको पर्याप्त प्रवन्ध हुन सकेको पाइएन । त्यसरी नै विद्यालय वरिपरि खाल्डाहरू रहेको, साँघुरो खेलमैदान आदिका कारण विद्यार्थीहरूमा चोटपटक लागिरहने तर विद्यालयमा सामान्य प्राथमिक उपचारको समेत व्यवस्था हुन नसक्दा विद्यार्थीहरूको स्वास्थ्य सुरक्षामा गम्भिर आपत्ति रहेको पाइयो । त्यसरी नै बालबालिका तथा शिक्षकहरूको पोशाकलाई हेर्दा फोहोर देखिनुका साथै विद्यालय हाता समेत आकर्षक पाइएन । ४ वटा विद्यालयहरूमा शिक्षकहरूबाट हुने दण्डहरू र ठुला विद्यार्थीहरूले साना विद्यार्थीहरूलाई दिने यातनाका कारण बालबालिकाहरू त्रसित रहेको पाइयो ।

### ४.१.६ विद्यालयको भौतिक अवस्था

छनौटमा परेका विद्यालयहरूको भौतिक अवस्था अध्ययन गर्दा सामान्यत कक्षाकोठा संख्या पुगेको देखिएतापनि प्रयोगशाला, पुस्तकालय, कम्प्युटर कोठा, उपयुक्त फर्निचर, बालमैत्री र पर्याप्त शौचालय, विद्यार्थी संख्याको आधारमा खेलमैदान, आवश्यक शैक्षिक सामग्री, श्रव्य-दृश्य सामग्री, चमेना गृह जस्ता अत्यावश्यक भौतिक पूर्वाधारहरू नहुँदा बालमैत्री कक्षा संचालनमा कठिनाइ भइरहेको पाइयो । ४ वटा विद्यालयहरूमा ठूलो धनराशी खर्चेर बनाएका भवनहरू पनि कुशल प्राविधिक डिजाइन, सुपरिवेक्षण र सल्लाहको अभावमा कमजोर, असुरक्षित र बालमैत्री नरहेको पाइयो । त्यस्तै विद्यालयहरूमा रहेका फर्निचरहरू पनि कुनै होचा, कुनै अग्ला, कुनै धेरै ठूला, कुनै धेरै साँघुरा, राम्रोसँग तयार नभएका र विद्यार्थीहरूलाई चोटपटक पुऱ्याउने खालका देखियो । ३ वटा विद्यालयहरूमा पुस्तकहरू

भएतापनि छुट्टै पुस्तकालय कोठा नहुँदा बालबालिकाहरूले पुस्तकालय प्रयोग गरेको पाइएन । ६ वटा मध्ये ५ वटा विद्यालयहरूमा घेराबारा नभएको कारण विद्यार्थीहरू जथाभावि कुदिरहेको देखियो । ती विद्यालयहरूमा कक्षाकोठाहरू पनि घाम, पानी छिर्ने, साँघुरा र मौसम धुमिएको बेला अँध्यारो हुने खालका र भित्ताहरू पनि नपोतिएको अवस्थामा रहेको पाइयो ।

### ४.१.७ शिक्षण सिकाइ प्रक्रिया

६ वटै विद्यालयहरूमा शिक्षक केन्द्रित परम्परागत शिक्षण विधि नै प्रयोग भइरहेको कारण बालबालिकाहरूको अन्तरनिहित प्रतिभाहरूको प्रस्फुटन हुन नसकिरहेको पाइयो । विद्यार्थी केन्द्रित शिक्षण, खेल, अतिरिक्त क्रियाकलाप, खोजमुलक शिक्षण, घटनाअध्ययन, परियोजना कार्य, कार्यमूलक अनुसन्धान जस्ता साधनहरूको प्रयोगमा कमी देखियो । शैक्षिक योजना, शैक्षिक सामग्रीहरू र सन्दर्भ सामग्रीहरूको प्रयोग ज्यादै न्यून भएको तथा शिक्षण सिकाइ प्रक्रियामा समुदाय तथा अभिभावकहरूको चासो नरहेको पाइयो । शिक्षण सिकाइ प्रक्रियाको अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणको कार्यमा जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, वि.व्य.स. र प्रधानाध्यापक पूर्ण रुपमा मौन रहँदा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ महशुस भएको पाइयो ।

### ४.१.८ मातृभाषामा शिक्षण सिकाई

यी गा.वि.स. हरूमा ८० प्रतिशत भन्दा बढी जनजातीहरूको बसोबास रहेको हुँदा अधिकांश बालबालिकाहरूलाई आ-आफ्नो मातृभाषाले प्रभाव पारिरहेको पाइयो । कानुनतः प्रत्येक समुदायलाई मातृभाषामा आधारभुत शिक्षा प्राप्त गर्ने अधिकार रहेता पनि एउटै विद्यालयमा धेरै मातृभाषाका बालबालिका पढ्ने भएको हुँदा मातृभाषामा शिक्षण गर्नुको सट्टा सबै विद्यालयहरूमा १०० पूर्णाङ्कको इच्छाधिन अंग्रेजी विषय नै पठनपाठन भइरहेको

पाइयो । यसका अतिरिक्त ९० प्रतिशत शिक्षकहरू स्थानीय समुदाय भन्दा बाहिरका भएको कारण उनीहरू स्थानीय बालबालिकाहरूको मातृभाषासँग परिचित हुन नसक्दा विद्यार्थीले मातृभाषामा राखेका सहि जिज्ञासाहरूको समेत स्पष्ट पार्न कठिन भएको पाइयो । जसका कारण विद्यालय समूदाय सम्बन्धलाई समेत असर पारेको पाइयो । तीन वटा विद्यालयहरूमा उपलब्ध मातृभाषी शिक्षकहरूबाट शिक्षण गर्न प्रयत्न गर्दा पनि मातृभाषाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका जस्ता सामग्री उपलब्ध हुन नसक्दा मातृभाषामा शिक्षण गर्ने कार्य पूर्ण रुपमा असफल रहेको पाइयो ।

### ४.१.९ विद्यालय व्यवस्थापन

विद्यालय व्यवस्थापन अन्तर्गत विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन तथा काम कर्तव्य, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन, नियम कानुनको परिपालना, शिक्षक विद्यार्थी आचार संहिता निर्माण तथा कार्यान्वयन, समूदाय परिचालन, सामाजिक परिक्षण लगायतका विद्यालय सुशासन सम्बन्धी विषयहरूको अध्ययन गर्दा सबै विद्यालयहरूले भूमिका निर्वाह गरिरहेको पाइयो । यद्यपि दुई वटा कक्षा १-३ र १-५ सञ्चालन भएका विद्यालयहरूमा क्रमशः २ जना र १ जना मात्र शिक्षक कार्यरत रहिरहेको पाउँदा जिल्ला शिक्षा कार्यालय तथा विद्यालय प्रशासनले शिक्षक व्यवस्थापन गर्न नसकेको देखियो । सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक मासिक रुपमा बस्ने गरेको भएतापनि शिक्षक अभिभावक संघको बैठक भने सबै विद्यालयहरूमा सामाजिक परीक्षण गर्न मात्र बस्ने गरेको पाइयो । आर्थिक पक्षलाई केलाउँदा छनौटमा परेका विद्यालयहरूमध्ये ४ वटा विद्यालयहरूले विद्यार्थी र अभिभावकहरूबाट लिएको भर्ना शुल्क र सहयोग रकम संकलन गरी विद्यालयको कोष बढाउने नाममा चर्को व्याजमा आफ्नै अभिभावकहरूलाई लगानी गर्ने गरेको पाइयो । यसले अभिभावकहरूलाई क्षणिक रुपमा राहत महसुस भएतापनि दीर्घकालिन रुपमा हेर्दा आर्थिक शोषण र प्रचलित नियम कानुन विपरीत भइरहेको बैंकिङ कारोबार जस्तो देखियो ।

## ४.२ शिक्षकले बालबालिकाहरूलाई दिने दण्डको अवस्था

अनुशासनको नाममा शिक्षकहरूले स्वेच्छाचारी रुपमा बढी दबाब दिने, आफ्नो मात्र विचार लाद्ने, अरुको स्वतन्त्र विचारमा रोक लगाउने, स-साना गल्ती खोज्ने र विना काम शारीरिक र मानसिक दण्ड दिने जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा बालबालिकाहरूमा विभिन्न प्रकारका शारीरिक, मानसिक र सामाजिक असरहरू परिरहेको पाइयो ।

### ४.२.१ दण्डका प्रकार

शिक्षकले विभिन्न कारणहरूले बालबालिकाहरूलाई दण्डित गरीरहेको परिप्रेक्ष्यमा त्यस्ता दण्डहरूलाई शारीरिक दण्ड र मानसिक दण्ड गरी दुई भागमा अध्ययन र विश्लेषण गरिएको छ :

#### ४.२.१.१ बालबालिकाहरूलाई दिइने शारीरिक दण्डहरू

अनुशासन कायम गर्नका लागि दिइने शारिरिक दण्डहरूमा साधारण र गम्भीर रुपमा घाइते हुने गरी पिट्ने गरेको पाइयो । पिट्दा शरिरका विभिन्न अङ्गहरूमा लट्ठी, सिर्कनो, पाइप आदि प्रयोग गर्ने गरेको र हातैले पनि पिट्ने गरेको पाइयो । त्यसरी नै विद्यार्थीहरूलाई बेञ्च माथि उभ्याउने, कान तान्ने, कन्सरी तान्ने, गाला तथा पाखुरामा चिमोट्ने जस्ता क्रियाकलापहरू गर्ने गरेको पाइयो । त्यस्तै विद्यार्थीहरूलाई धेरै बेरसम्म उठबस गर्न लगाउने, दुई औँला बीच पेन्सिल वा बलपेन राखेर बेस्सरी थिच्ने, पेन्सिल वा लठ्ठीले घोच्ने गरेको पाइयो ।

तीन वटा विद्यालयहरूमा विद्यार्थीलाई कक्षाकोठा बाहिर घाममा एक खुट्टाले उभ्याउने, विद्यालयका चौरमा हिड्न र कुद्न लगाउने, गिटी भएको ठाउँमा घुडा टेकेर बस्न लगाउने,

विद्यार्थीको टाउको भित्तामा ठोक्काउने जस्ता गतिविधिहरू समेत ३ जना शिक्षकहरूले गर्ने गरेको पाइयो । त्यसरी नै २ वटा विद्यालयहरूमा शिक्षकहरूले डस्टरले हिर्काउने, चकले हिर्काउने, पढाइमा राम्रो विद्यार्थीले कमजोर विद्यार्थीहरूलाई पिट्न लगाउने, ढुंगा, काठ वा काटुन बोक्न लगाउने, कुखुरा वा भ्यागुतो जस्तो भएर बस्न लगाउने तथा कपाल तान्ने जस्ता सजायहरू विद्यार्थीहरूलाई दिइरहेको पाइयो ।

### ४.२.१.२ बालबालिकाहरूलाई दिइने मानसिक दण्डहरू

शिक्षकहरूले बालबालिकाहरूलाई अनुशासन कायम राख्ने र नियन्त्रित रुपमा अध्ययन अध्यापन गराउने क्रममा शारीरिक साथै विभिन्न प्रकारका मानसिक यातनाहरू दिइरहेको पाइयो ।

मानसिक सजायको रुपमा शिक्षकहरूले विद्यार्थीहरूलाई लाजमर्दो पार्ने, अरुको सामु निच देखाउने, मुर्ख, इडियट, बेकामे जस्ता अपशब्दहरू प्रयोग गरी बालबालिकाहरूको मनोबल घटाउने गरी गाली गर्ने गरेको पाइयो । त्यसरी नै शिक्षकले गधा, बाँदर, गोरु, कुकुर, कुकुर्नी, राते, काले, झ्याउँरे, डल्ली, डल्ले जस्ता अपशब्दहरू प्रयोग गरी गाली गर्ने गरेको पाइयो । त्यस्तै रुन्चे, पुड्के, पुड्की, नक्कली, लाटी, काली, बोक्सी, बेसिया जस्ता अपशब्दहरू प्रयोग गर्ने गरेको पाइयो ।

चाहिने भन्दा बढी गृहकार्य दिई मानसिक दबाव दिने, साना नानीहरूलाई बोक्सी, भुत र चोर डाकाको कथा भनी बालबालिकाहरूमा भय सिर्जना गर्ने, विद्यार्थीहरूलाई बेइज्जती महशुस हुने गरी पशुले जस्तो व्यवहार गर्न लगाउने गरेको समेत पाइयो । वर्गीय, जातीय, धार्मिक र सामाजिक हैसियत र रुपका आधारमा भेदभावपूर्ण व्यवहार देखाउने, एकान्त कोठा र चर्पीमा एक्लो राखेर सजाय दिने समेत गरेको पाइयो । यसका साथै प्रार्थना पङ्क्ति, कक्षाकोठाको अगाडि राखेर बेइज्जत गर्ने, अपहेलित शब्द प्रयोग गर्ने, खिल्लि उडाउने, जिस्काउने, अरु साथीहरूसँग तुलना गरी होच्चाउने, परीक्षाबाट निस्कासन गर्ने तथा कक्षा बाहिर निकालेर अपमान गर्ने जस्ता मानसिक यातनाहरू विद्यार्थीहरूलाई दिने गरेको पाइयो।

### ४.२.२ बालबालिकाहरूलाई दण्ड दिनुपर्ने कारणहरू

शिक्षकहरूले बालबालिकाहरूलाई दण्ड दिने धेरै कारणहरू रहेको पाइयो । शिक्षकहरू बाल मनोविज्ञान र शारीरिक सजायको असर बारे अनविज्ञ भएको कारण धेरै जसो सजायहरू दिइरहेका पाइयो । शिक्षकहरूले कुनै व्यक्तिगत प्रतिशोधका कारण नभई विद्यार्थीको प्रगति र भलाईका लागि नै विभिन्न प्रकारका दण्डहरू दिइरहेको पाइयो । विद्यालयलाई सानो समाज मानेर हेर्दा त्यस समाजका सम्पूर्ण सदस्यहरूलाई नियन्त्रणमा राख्न र अनुशासन कायम राख्न शिक्षकहरूले दण्डको प्रयोग गरिरहेको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि गृहकार्यको महत्वपूर्ण भूमिका रहने हुँदा बालबालिकाहरूले गृहकार्य समयमा नै गरुन् भन्ने उद्देश्यले पनि दण्ड दिने गरेको पाइयो । त्यसरी नै ४ जना शिक्षकहरूले आफ्नो पूर्व अनुभवलाई प्रयोग गरी उनीहरू स्वयम् बालबालिका हुँदा दण्ड पाई अनुशासित भएको आधारमा परम्परागत तरिकाले बालबालिकाहरूलाई अनुशासनमा राख्न मन पराउने गरेको पाइयो ।

बालबालिकाहरूलाई जिम्मेवारी बोध गराउनका साथै काममा मेहेनती र लगनशील बनाउनका लागि पनि शिक्षकहरूले दण्ड दिने गरेको पाइयो । कार्य सम्पादनको स्तर वृद्धि गराउनका लागि र पढाइमा सक्रिय गराउनका लागि पनि दण्ड दिने गरेको पाइयो । अधिकांश अभिभावकहरूले पनि शिक्षकहरूलाई भेटेर आफ्ना बालबालिकाहरूलाई दण्ड दिएर शिक्षण गर्नु भन्ने गरेको पाइयो ।

विद्यालयको व्यवस्थापन पक्षलाई प्रभावित पार्ने र बालबालिकाहरूमा असल बानी व्यहोराको विकास गराउने उद्देश्यले पनि विभिन्न प्रकारका दण्डहरू दिने गरेको पाइयो । उल्लेखित विभिन्न कारणहरूले शिक्षकहरूले बालबालिकाहरूलाई दण्ड दिने गरेको भएतापनि अधिकांश शिक्षकहरूलाई बालअधिकार र दण्ड व्यवस्थापनका वैकल्पिक उपायहरू थाहा नभएका कारण नै विभिन्न प्रकारका शारीरिक तथा मानसिक दण्डहरू दिने गरेको पाइयो ।

विद्यार्थीहरूसँगको भेटघाट, छलफल र परामर्शको आधारमा उनीहरू दण्डित हुनुपर्ने कारणहरूमा- विद्यालय पोषाक लगाएर नआउने, समयमा विद्यालय नआउने, गृहकार्य नगर्ने, समय अवधिभर विद्यालयमा नबस्ने, विद्यालयबाट भागेर जाने, शिक्षकको आदर नगर्ने, पढेका पाठहरू नसम्झने, नराम्रो व्यवहार देखाउने, कक्षामा बाधा अवरोध सिर्जना गर्ने, विद्यालयको सम्पत्ति नष्ट गर्ने, विद्यालयको हाताभित्र पर्खाल, चर्पी र डेक्स बेन्चहरूमा अश्लिल कुराहरू लेख्ने, अर्को कक्षामा गएर हल्ला गर्ने, बिना जानकारी विद्यालयमा अनुपस्थित रहने, साथीहरूलाई अनावश्यक दोष लगाउने, पुस्तक कापी कलम र अन्य सामाग्रीहरू नलिइकन विद्यालय आउने, लेखन लिपि नराम्रो् हुनु, साथीहरूलाई जिस्काउने, कक्षामा झगडा गर्ने, परीक्षामा चिट चोर्ने, परीक्षामा अनुत्तीर्ण हुने, कक्षामा अनावश्यक हो-हल्ला गर्ने, शिक्षकले नराम्रो व्यवहार गर्ने विद्यार्थीको सही पहिचान गर्न नसक्ने, विभिन्न सामानहरू चोरी गर्ने, आज्ञाकारी नहुने र रुखो व्यवहार प्रस्तुत गर्ने, शिक्षकलाई ध्यान नदिने, कक्षामा निदाउँने, शिक्षक व्यक्तिगत रुपमा आफै तनाबमा रहनु, कक्षामा अनावश्यक गफ गर्ने जस्ता क्रियाकलापहरू गर्ने विद्यार्थीहरू बढी दण्डित भएको कुरा थाहा पाइयो ।

विद्यार्थीहरू किन दण्डित हुन्छन् भन्ने प्रश्नको उत्तर खोज्ने क्रममा शिक्षक र विद्यार्थीहरूको विचारमा केही मत भिन्नता पाइएता पनि सारमा एक मत  रहेको देखियो । शिक्षकहरूको भनाईमा विद्यार्थीहरू दण्डित हुने कारणहरूमा - उनीहरूलाई अनुशासनमा राख्न, कक्षालाई शान्त र नियन्त्रणमा राख्न, भनेको नमान्ने विद्यार्थीलाई हाँसोको पात्र बनाउन, जान्ने र नजान्ने, ठूलो र सानो, गरिब र धनी बीच विभेद सिर्जना गर्न, अभिभावक र विद्यालय व्यवस्थापनको समर्थन पाउन, विद्यार्थीलाई आफ्नो गल्ती स्वीकार गराउन, विद्यार्थीलाई स्कूलको नियम पालना गराउन, विद्यार्थीलाई हेप्न, विद्यार्थीलाई नियन्त्रणमा राख्न भयभित वातावरण सृजना गर्न, अभिभावकले गरेको आग्रह पालना गर्न, विद्यार्थीका खराब आचरण सुधार्न, छिट्टै सजिलै र प्रभावकारी तरिकाले विद्यार्थीलाई सिकाउन, विद्यार्थीलाई खराब र असल बीचको फरक बुझाउन, कमजोर विद्यार्थीलाई सजाय दिएर अरुलाई तर्साउन, विद्यार्थीलाई गृहकार्य र कक्षाकार्य गराउन, सिकाई उपलब्धि वृद्धि गर्ने जस्ता कारणहरू रहेको पाइयो ।

### ४.२.३ बालबालिकाहरूलाई दिइने दण्डका असरहरू

शिक्षकले विद्यार्थीहरूमा असल बानी निर्माण गर्न, व्यवहारमा सुधार गर्न तथा सिकाइ उपलब्धि हासिल गराउने जुनसुकै अभिप्राय वा दण्डको असरहरू बारे थाहा नभएका कारण दिइने दण्ड वा यातनाका कारण धेरै बालबालिकाहरूको भविष्य अन्योल भएको पाइयो । भोलीको देशका कर्णधार बालबालिकाहरू शिक्षकको सानो कमजोरीपनका कारण बर्वाद हुनुले व्यक्ति, परिवार, समाज मात्रै नभएर सिङ्गो राष्ट्रको शैक्षिक लगानी तथा भविष्य बिना उपलब्धि खेर गइरहेको पाइयो । शिक्षकले बालबालिकाहरूलाई दिने मानसिक तथा शारीरिक दण्डहरूका कारण उत्पन्न असरहरूलाई निम्नानुसार बुँदागत गरिएको छ :

#### ४.२.३.१ दण्डले शिक्षकलाई पार्ने असर

बालबालिकाहरूलाई दिइने शारीरिक तथा मानसिक दण्डहरूका कारण विद्यार्थीलाई मात्र असर नगरी समाज र शिक्षक स्वयम्लाई समेत विभिन्न प्रकारका असरहरू गरिरहेको पाइयो । यस्ता असरहरूमा - शिक्षकको जागिर गुम्न सक्ने, विद्यार्थीले लिने बदलाको सिकार हुनुपर्ने, विद्यार्थी र अभिभावकको धम्कीको सामना गर्नु पर्ने, अदालतमा पर्न सक्ने मुद्दाको सामना गर्न सक्नुपर्ने, क्षतिपूर्ति तथा अन्य कारणबाट हुन सक्ने सम्पत्तिको नोक्सानी व्यहोर्न सक्नुपर्ने, सरुवा हुने खतरा बढ्ने, विद्यार्थी अभिभावकसँगको सम्बन्ध खल्बलिन जाने तथा सम्भावित दुर्घटनाबाट उत्पन्न परिस्थितिमा औषधी उपचार र क्षतिपूर्ति समेत तिर्न सक्नुपर्ने देखियो ।

#### ४.२.३.२ दण्डका शारीरिक असरहरू

शारीरिक असरहरूमा जोर्नी खुस्कनु, कुनै अङ्ग भाँचिनु, मर्किनु, शरीरमा निल डाम बस्नु र घाइते समेत हुने गरेको पाइयो । यसरी नै शारीरिक यातनाका कारण दृष्टि सम्बन्धी

समस्या आउने, श्रवण समस्या आउने जस्ता दीर्घकालीन असरहरू समेत पर्ने गरेको पाइयो ।

कुनै दण्डका कारण घाउ हुनु, शारीरिक रुपमा अपाङ्ग हुनु, रक्तश्राव वा रगत जम्ने हुनु, चोट पटकका दागहरू बस्नु, शारीरिक दुखाई हुनु, सुन्निने हुनु जस्ता असरहरू समेत रहेको पाइयो । कुनै बालबालिकाहरूमा दण्डको कारण कुरुप हुने, मुर्छा पर्ने तथा ज्यानै समेत जान सक्ने खतरा रहेको पाइयो ।

### ४.२.३.३ दण्डका मानसिक असरहरू

दण्डका मानसिक असरहरूमा अनावश्यक चिन्ता लिने, समयमा सुत्न नसक्ने, आत्म सम्मानमा चोट लाग्ने, पढाईमा ध्यान दिन नसक्ने, लाज र धक मान्ने, झर्को मान्ने, ढाट्ने र वहाना गर्ने तथा साथीभाइसँग घुलमिल हुन नसक्ने जस्ता समस्याहरू देखापर्ने गरेको पाइयो ।

त्यसरी नै विद्यार्थीहरूको आत्मविश्वासमा कमी हुने, अल्छी र निष्क्रिय हुने, अपमान भएको महसुस गर्ने जस्ता मानसिक असरहरू पनि दण्डका कारण सिर्जना भएको पाइयो । यसका साथै अनावश्यक दण्ड र दबावका कारण विद्यार्थीहरूमा पढाईमा अरुचि हुने, अटेरी र थेत्तरो स्वभावको विकास हुने, सृजनात्मक क्षमतामा ह्रास हुने, आत्मग्लानी तथा हिनताबोध हुने, तर्क गर्ने शक्ति घट्ने जस्ता समस्याहरू देखा पर्ने गरेको पाइयो । कुनै बालबालिकाहरूमा दण्ड र दवावका कारण प्रतिशोधको भावना विकास भई शिक्षकहरूको विरुद्धमा प्रतिकारहरू समेत हुने गरेको पाइयो ।

### ४.२.३.४ दण्डका सामाजिक असरहरू

दण्डका सामाजिक असरहरूका रुपमा अरुसँग घुलमिल हुन गाह्रो हुने, अरुबाट उपेक्षित हुने,अपराधिक उद्देश्यले समूह बनाउने, असामाजिक कार्यमा संलग्न हुने, लागू पदार्थको सेवन गर्ने, समाज विरोधि हुने, झगडालु हुने, विद्यालय जान छाड्ने जस्ता गतिविधिहरू गर्ने गरेको पाइयो । यसका साथै आक्रामक हुने, विध्वंस र गडबडिमा सामेल हुने, सामाजिक क्रियाकलापमा बाधा पुऱ्याउने र अन्त्यमा आत्महत्याको प्रयास समेत गर्ने जस्ता विकराल समस्याहरू दण्डका कारण सिर्जना भएको पाइयो । यसका साथै केही विद्यार्थीहरूले प्रतिशोधका रुपमा कम उमेरमा विवाह समेत गर्ने गरेको पाइयो ।

## ४.३ दण्ड रहित शिक्षण विधिहरू

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी पार्न, विद्यार्थी नियमितता कायम राख्न र अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनका लागि बालबालिकाहरूलाई शिक्षण गर्दा दण्डरहित शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने पाइयो । अध्ययनको क्रममा विद्यालयहरूले सैद्धान्तिक रुपमा दण्डरहित शिक्षण विधिहरूको प्रयोग सुरु गरेतापनि व्यवहारिक रुपमा परम्परागत विधिहरू नै प्रयोग गरिरहेको पाइयो ।

### ४.३.१ व्यवहारिक र मनोवैज्ञानिक उपाय

शिक्षणको क्रममा विद्यालयभित्र वा बाहिर जहाँसुकै पनि दण्ड दिनै नपर्ने अवस्था सिर्जना गर्नका लागि विभिन्न व्यवहारिक र मनोवैज्ञानिक उपायहरू अवलम्बन गर्नुपर्ने देखियो । यसका लागि विद्यार्थीसँगै बसेर कक्षा व्यवहार बारे नियम बनाउने, नियमहरू छोटो र स्पष्ट हुनुपर्ने देखियो । विद्यालयमा हुने शैक्षिक र व्यवहारिक क्रियाकलापहरूमा परिणामहरूको

जानकारी गराउने र विद्यार्थीहरूलाई नै ठीक वा बेठीक छुट्याउने अवसर प्रदान गर्नु उपयुक्त हुने देखियो ।

### ४.३.२ प्रशंसा र परामर्श

बालबालिकाहरूले असल व्यवहार देखाएमा प्रशंसा गर्ने र स्याबासी दिने गर्नु पर्ने देखियो । शिक्षक जहिले पनि विद्यार्थीहरू तथा उनीहरूका क्रियाकलापहरूप्रति सकारात्मक बन्ने र नकारात्मक टिप्पणीहरू नगर्ने बानीको विकास गर्नु पर्ने देखियो । शिक्षकले विद्यार्थीहरूले उठाएका महत्वपूर्ण जिज्ञासा र मुद्दाहरूलाई गम्भिरतापूर्वक लिने र कम महत्वका समस्याहरूलाई उपेक्षा गर्नु पर्ने पाइयो । शिक्षक र विद्यार्थी बिचको सुमधुर सम्बन्ध बनाउनुका साथै आफ्नो विद्यार्थीका समस्याहरूलाई अन्य शिक्षकहरूसँग समेत छलफल गरी उचित परामर्श र मार्गनिर्देशनका साथ समाधान गर्नु पर्ने देखियो ।

### ४.३.३ सामूहिक छलफल र समस्या समाधान

विद्यार्थीहरूका अभद्र र अवाञ्छित व्यवहारहरूबारे विद्यालय प्रशासन तथा विद्यार्थीका अभिभावकहरूसँग सल्लाह गरी उचित उपाय निकाली समाधान खोज्नु पर्ने देखियो । विद्यार्थीहरूसँग जहिले पनि मिठो र नरम शब्दहरू प्रयोग गरी प्रतिक्रिया व्यक्त गर्ने, समस्याहरू समूहमा छलफल गरी गल्तीका कारणहरू पत्ता लगाउने तथा विद्यार्थीहरूलाई नै समाधान खोज्न लगाई निर्णय गर्न दिने गरेको पाइयो ।

### ४.३.४ आत्म समीक्षा र मूल्याङ्कन

बालबालिकाहरूलाई आफ्ना कार्यहरूको समीक्षा गर्ने र आत्ममूल्याङ्कन गर्ने अवसर प्रदान गरी सुध्रने मौका दिनु पर्ने देखियो । बालबालिकाहरूले कुनै गल्ती गरे वापत अतिरिक्त

क्रियाकलाप गर्न लगाउने, बालबालिकाहरूको वास्तविक समस्या पत्ता लगाउने, सजायबाट हुने दुस्परिणामहरूको बारेमा सचेत हुने र सचेत गराउने गरेको पाइयो । यसरी नै विभिन्न नकारात्मक र अप्रिय घटनाहरूको बारेमा छलफल गरी त्यस्ता घटना र क्रियाकलापहरूबाट उत्पन्न परिणामहरूको बारेमा व्याख्या विश्लेषण गरी बालबालिकाहरूलाई त्यस्ता घटनाहरू र व्यवहारहरूबाट बच्ने उपाय बारे सचेत गराउने गरेको पाइयो ।

### ४.३.५ नमूनाको रुपमा प्रस्तुत हुने र अनुशासन कायम राख्ने

मनोविज्ञानको गहन अध्ययन र प्रयोग गर्नुका साथै शिक्षक स्वयम् असल नमूनाको रुपमा प्रस्तुत हुने गरेको पाइयो । बालबालिकाहरूलाई अनुशासनमा राख्नका लागि दण्डका विभिन्न वैकल्पिक उपायहरूको बारेमा अध्ययन र विश्लेषण गर्दा कक्षामा विद्यार्थीहरूको बस्ने क्रमलाई परिवर्तन गर्ने, समूह छलफलमा मौन रहने विद्यार्थीहरूलाई संलग्न गर्ने वा बढी कुरा गर्ने विद्यार्थीहरूलाई प्रश्न सोध्ने, गलत कार्य गर्ने वा अभद्र व्यवहार गर्ने विद्यार्थीहरूलाई छुट्टै निगरानी गर्ने, गृहकार्य पूरा नगरी विद्यालय आउनुको अर्थ विद्यालय समय पछि सार्नु हो भनेर गृहकार्य गराउने, कक्षा सकिएपछि बढार्ने, सफा गर्ने र छरिएको कागजहरू उठाउने जस्ता अतिरिक्त कार्यहरू गराउने, कक्षा नियन्त्रणको जिम्मेवारी दिई उत्तरदायित्वको बोध गराउने, खेल्ने समय घटाई अतिरिक्त गृहकार्य दिने, अनुशासनहीन विद्यार्थीहरूलाई कक्षा अघिल्तिरको बेञ्चमा ल्याउने जस्ता विधि र उपायहरू प्रयोग गर्ने गरेको पाइयो ।

## ४.४ पुनर्वल व्यवस्थापनका उपायहरू

सजाय दिनै नपर्ने वातावरण सिर्जना गर्न सामान्य एवं सरल खालका विकल्पहरूको प्रयोग गरिसक्दा पनि खराब व्यवहारमा कुनै सुधार नआएमा कठोर सजायको विकल्पमा निम्नलिखित प्रतिबन्धात्मक एवं प्रशासनिक पुनर्वलहरू प्रयोगमा ल्याइएको पाइयो । तर

प्रशासनिक उपायहरूको प्रयोग गर्नुभन्दा अगाडि सम्बन्धित अभिभावक र आवश्यक सरोकारवालाहरूलाई सु-सुचित पार्नु अति आवश्यक हुने देखियो ।

### ४.४.१ कक्षा भित्र अलग्याउने

विद्यार्थीले अभद्र वा अवाञ्छित व्यवहार गरेमा कक्षाको कुनै कुनामा भित्तातिर फर्केर उभ्याउने गरेको पाइयो । उक्त विद्यार्थीले कक्षामा पढाएको सुन्न पाउने छ तर ऊ अन्य कार्य गर्नबाट वञ्चित गराएको पाइयो ।

### ४.४.२ अलग्याउने/निकाला

विद्यार्थीले बदमासी नछोडेमा वा अभद्र व्यवहार देखाइरहेमा उसलाई केही समयका लागि कक्षाबाट निकाला गरी छुट्दै राख्ने र त्यसो गर्दा पनि अभद्र व्यवहार गरिरहे प्रधानाध्यापकको कोठामा लगेर राख्ने गरेको पाइयो ।

### ४.४.३ अनुशासन पुर्जी

यदि विद्यार्थीहरूले विद्यालय वा कक्षाकोठाको नियम तोडेमा उसलाई अनुशासन पुर्जी दिने गरेको पाइयो । उसले त्यो पुर्जी घरमा लगेर बाबुआमाको हस्ताक्षर गराएर विद्यालयमा बुझाउने गरेको पाइयो । यदि फिर्ता नआएमा बाबुआमालाई खबर गर्ने गरेको पाइयो ।

### ४.४.४ घरमै निलम्बन गरिने

विद्यार्थीलाई घर पठाई बाबुआमाको हेरचाहमा रहन लगाउने गरेको पाइयो । यस्तो निलम्बन एक दुई दिनसम्मको लागि गर्ने गरेको पाइयो । निलम्बन अवधिभर विद्यार्थी विद्यालयमा गई पढ्न वा विद्यालयको कुनै पनि क्रियाकलापमा भाग लिन नपाउने नियम बनाएको पाइयो । एकै महिनामा तीन वटासम्म अनुशासन पूर्जी पाएका विद्यार्थीलाई एक दिन कक्षामा जान निलम्बन गर्ने र त्यो खबर अभिभावकलाई दिने गरेको पाइयो ।

### ४.४.५ चेतावनी पत्र

अभद्र व्यवहार गर्ने विद्यार्थीलाई चेतावनीका रुपमा उसलाई र उसका अभिभावकलाई बोलाई चेतावनी पत्र दिई त्यस्तो चेतावनी पत्रमा पुनः त्यस्तो व्यवहार नदोहोरिनका लागि गर्नुपर्ने उपायहरू समेत उल्लेख गर्ने गरेको पाइयो ।

### ४.४.६ छनौट गर्न मौका दिने

अभिभावकहरूले आफ्ना बालबालिकाको अध्ययन सम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन चाहेमा यो विकल्प प्रयोग गर्ने गरेको पाइयो । विद्यार्थीलाई अभिरुचि लागेको कार्य गर्न उसले अध्ययन सम्बन्धी कार्य गर्ने गरेको पाइयो । जस्तै : राति टि.भि. हेर्न चाहेमा गृहकार्य सिध्याई अभिभावकले टि.भि. हेर्न अनुमति दिने गरेको पाइयो ।

### ४.४.७ तर्कसङ्गत परिणामहरू लागू गर्न

बाबुआमाले बालबालिकाको समस्यामूलक व्यवहारलाई समाधानार्थ तर्कसङ्गत परिणामहरू प्रयोग गर्दा उनीहरूको खराब व्यवहारलाई सजाय दिने गरेको पाइयो । बाबुआमाले दिने सजाय तर्कसङ्गत रुपमा नराम्रो व्यवहारसँग मिल्दो रहेको पनि पक्का गरेर मात्र कार्यान्वयन गर्ने गरेको पाइयो ।

### ४.४.८ व्यवहारका लागि जरिवाना

यो पनि एक प्रकारको प्रभावकारी सजाय हो, जसमा केही व्यवहार गर्न नदिई रोक लगाउने र बालबालिकाले खराब व्यवहार देखाएमा बाबुआमाले जरिवाना स्वरुप बालबालिकाहरूलाई केही दिनसम्म उनीहरूको रुचि कार्य गर्न रोक लगाउने गरेको पाइयो ।

### ४.४.९ सुविधाबाट वञ्चित गर्ने

सधैँ पुस्तकालय र प्रयोगशाला जाँदा जुन विद्यार्थीलाई सजाय दिनु छ उसलाई त्यस समय त्यहाँ जानबाट रोक्ने तथा उसलाई त्यस दिन साथीहरूसँग बसी पुस्तकालय र प्रयोगशालाको उपयोग गर्न नदिने गरेको पाइयो ।

### ४.४.१० अभिभावक र बालबालिका बीच लिखित सहमति

विद्यार्थीको समस्या पहिचान गरी आफ्नो बालबालिकासँग समाधान बारे सम्झौता गर्ने,

विद्यार्थीको समस्या पहिचान गरी आफ्नो बालबालिकासँग समाधान बारे सम्झौता गर्ने, सहमति पत्र लेख्ने र सहमति पत्रमा हस्ताक्षर गरी त्यस समाधानलाई पालना गर्ने गराउने गरेको पाइयो ।

### ४.४.११ कक्षाकोठामा अनुशासन चार्ट राख्ने

बालबालिकाहरूलाई अनुशासनमा राख्नका लागि अनुशासन चार्ट कक्षाकोठामा सबैले देख्ने गरी राखेर उनीहरूलाई सु-सुचित गर्ने गरेको पाइयो ।

## ४.५ दण्डको बिकल्पका रुपमा अनुशासन विधि

बालवालिकाहरूलाई अनुशासित बनाई सम्भावित दण्ड सजायबाट रोक्नका लागि निम्न उपायहरू अवलम्बन गर्ने गरेको पाइयो :

### ४.५.१ व्यवहारको नक्कल

बालबालिकाले व्यवहार सिक्ने सबैभन्दा सशक्त माध्यम ठूलाहरूले गर्ने कामको नक्कल गर्ने गरेको पाइयो । आमाबाबु, परिवारका अन्य सदस्यहरू र शिक्षकहरूको व्यवहार नै उनीहरू असल व्यवहार सम्झेर ग्रहण गरिरहेका पाइयो । आमाबाबु र शिक्षकशिक्षिकाहरू उदाहरणीय व्यक्तित्व भएमा बालबालिकाहरू पनि अनुशासित भएर निस्कन्छन् । बालबालिकाहरू अनुशासित हुनका लागि अभिभावक र शिक्षकहरूमा निम्न क्षमता हुन जरुरी देखियो :- धैर्यता, अठोट, दृढ विश्वास, भद्रता, खुला दिल, मित्रताको भावना, कुराकहानीमा दक्षता, बालविकासबारे जानकारी, व्यवहारको अर्थ बुझेको, धनात्मक अनुशासनको अर्थ बुझेको जस्ता क्षमता हुन जरुरी रहेको देखियो ।

### ४.५.२ सकारात्मक वातावरण सिर्जित गर्नु

परिवेश परिवर्तन गरिदिनु पनि बालबालिकाहरूलाई स्वनियन्त्रण सिकाउने राम्रो माध्यम हुने पाइयो । यसबाट समस्याको रोकथाम पनि हुने गरेको पाइयो । यसका लागि आफ्ना सरसामानको हेरचार र संरक्षणको तरिका सिकाउने, स्वच्छ वातावरण दिने, हल्ला नहुने ठाउँ चयन गर्ने, आवश्यक सामाग्री जुटाउने, कोठा रंगाउने, वरिपरि बिरुवा लगाई वातावरण सुधार गर्ने, समस्या ल्याउन सक्ने वस्तुहरू हटाउने, बच्चाले केही चिज बिगार्दछ भने उसबाट वस्तु टाढा राख्ने गरेको पाइयो ।

बालबालिकाहरू कुनै कुराप्रति एकोहोरो लागेर दिक्क बनाउने अवस्था सिर्जना भयो भने कुनै अर्को मनमोहक क्रियाकलाप गरी ध्यान मोडिदिने गरेको पाइयो । बच्चाले दुःख दिने ठाउँ वा परिवेश तर्काउन पूर्ण योजना बनाएर चल्ने गरेको पाइयो । बालबालिकाका लागि सुरक्षित अनुभव गराउन अति जरुरी छ । तसर्थ बालबालिकाहरूलाई निशर्त माया र ममता प्रदान गर्ने गरेको पाइयो ।

### ४.५.३ निश्चित नियममा अभ्यस्त बनाउन

नियमहरूले बालबालिकाहरूलाई आफूले के गर्ने र के नगर्ने भन्ने ज्ञान दिएको पाइयो । नियमबाट बालबालिकाहरू निश्चित व्यवहारमा अभ्यस्त हुने र राम्रो बानी निर्माण हुने गरेको पाइयो । बालबालिकाहरूलाई अनुशासित बनाउन प्रत्येक क्रियाकलाप गर्ने नियमहरू बनाउने गरेको र नियमहरू स्पष्ट, थोरै बनाउँदा सम्झन सजिलो रहने गरेको पाइयो । नियमहरू बालबालिकाकै हितका लागि बनाइने हुनाले सबैको सहमति जुटाई बनाउनु राम्रो हुने देखियो । नियमहरू बालबालिकाहरूको उमेर र तह अनुसार सुहाउने र आवश्यकता अनुसारका मात्र बनाउने गरेको पाइयो ।

### ४.५.४ राम्रो व्यवहारप्रति उत्साहित गर्नु

असल व्यवहारलाई प्रोत्साहित गर्नु नै सकारात्मक अनुशासनको जड मानी बालबालिकाहरूले कुनै राम्रो व्यवहार देखाउँने बित्तिकै त्यसलाई प्रोत्साहन गर्ने गरेको कारण बालबालिकाहरू असल व्यवहार दोहोऱ्याउन प्रेरित भएको र राम्रो बानीको विकास भएको पाइयो ।

व्यवहार निर्माणमा सकारात्मक पुनर्वलको प्रयोग गर्न राम्रो व्यवहार लगतै मुस्काइदिने, स्यावास दिने, धन्यवाद भनेर प्रोत्साहन दिने, राम्रो व्यवहार गरेमा कुनै सुविधा थपिदिने, इच्छाएको कार्यमा सहयोग गरिदिने, पुरस्कार भन्दा प्रोत्साहनमा बढी जोड दिने, प्रतिस्पर्धामा नभई प्रयास र सफलतामा केन्द्रित हुने, तुलना होइन योगदानमा जोड दिने, आन्तरिक मूल्याङ्कनमा जोड दिने, राम्रो व्यवहार गर्नेलाई शिक्षकको सहयोगी बनाउने, बालबालिकाका सकारात्मक पक्षलाई समातेर पुनर्वल प्रदान गर्ने, बालबालिकालाई सफल भएको महसुस गर्न दिने, बालबालिकालाई प्रेमका साथ सुरक्षाको अनुभूति गराइरहने जस्ता गतिविधिहरू गर्ने गरेको पाइयो ।

### ४.५.५ खराब व्यवहारप्रति गरिने प्रतिक्रिया

बालबालिकाका खराब व्यवहारमा सुधारका लागि केही न केही प्रतिक्रिया दर्साउँदा बालबालिकाले आफै महसुस गर्ने परिवेश बन्ने गरेको पाइयो । व्यवहार निर्माणका लागि सुधारात्मक प्रतिक्रिया निम्नानुसार रहेको पाइयो :

यदि बालकले खेलौना फुटाउँछ भने उसँग खेल्न नबस्ने, जसबाट सुविधा घट्न गई अर्को नपाउँने देखियो । खेलौनाले अरुलाई हिकाउँछ भने त्यसलाई आफुले लिइदिने गरेको पाइयो । यदि रिसाउँछ झगडा गर्छ, चकचक गर्छ भने ५-१० मिनेट एक्लै राखिदिने र गल्ती

महसुस गर्न समय दिने गरेको पाइयो । कुनै नराम्रो व्यवहार देखाउँछ भने तुरुन्त सम्बन्धित पुनर्वल घटाउने गरेको र दिनभरि गरेका नराम्रा क्रियाकलापको रेकर्ड राखी अन्त्यमा उसलाई सम्झाउने गरेको पाइयो ।

प्राकृतिक नियम अनुसार कहिलेकाही घटनाको आफैँ महशुस गरी बुझ्ने अवसर दिने गरेको पाइयो । बच्चालाई क्षमा माग्न सिकाउने र दोष नदिइकन समाधानप्रति सचेत गराउने, बालबालिकालाई तिमी नराम्रो मानिस भन्नुको सट्टा तिमीले गरेको यो चाहीँ व्यवहार नराम्रो हो भनी व्यवहार केन्द्रित भएर बानीको सुधार गर्ने, बालबालिकाको नराम्रो व्यवहार आफुलाई मन नपरेको कुरा अनुहारको प्रस्तुतिबाट पनि देखाएर व्यवहार परिवर्तन गराउने गरेको पाइयो ।

बालबालिकाहरू स्वयम्लाई उसको व्यवहारजन्य समस्याका बारे लेख प्रस्तुत गर्न लगाई व्यवहार परिवर्तन गराउने, समान व्यवहारमा फरक फरक प्रतिक्रिया नदिई बाबुआमा र शिक्षकले गर्ने व्यवहारमा समानता ल्याउने गरको पाइयो । शारीरिक वा मानसिक दण्ड पूर्णतया हटाउनु पर्ने देखियो । असल व्यवहारमा केन्द्रित भई बानी निर्माण गरिएका बालबालिकाहरूलाई सुविधा घट्नुले नै ठूलो दण्डको महशुस हुने भएकोले कुटपिट डर, त्रास र हप्काई दप्काईको जरुरत नपर्ने देखियो । स-साना बालबालिकाहरूलाई केही  अनावश्यक कार्य गर्दा जति धेरै ध्यान दियो उति नै हौसिने हुनाले त्यस्ता क्रियाकलापप्रति ध्यान नदिनुले पनि खराब व्यवहारहरू छाड्न मद्दत पुगेको देखियो ।

मर्यादित रुपमा सामाजिक मूल्य, मान्यता र नीतिनियमको पालना गर्नु गराउनु नै अनुशासन हो । अनुशासनको नाममा शिक्षकहरूले स्वेच्छाचारी रुपमा बढी दबाब दिने, आफ्नो मात्र विचार लाद्ने, वैचारिक स्वतन्त्रतामा रोक लगाउने, स-साना गल्तीहरू खोतलेर अनावश्यक दण्ड दिने जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा बालबालिकाहरूमा विभिन्न प्रकारको शारीरिक, मानसिक र सामाजिक असरहरू परिरहेको पाइयो । शिक्षकहरू बालमनोविज्ञान र सजायको असरहरूबारे अनविज्ञ भएका कारण धेरैजसो सजायहरू दिइरहेको देखियो ।

सामान्यत प्रभावकारी शिक्षणसिकाई क्रियाकलाप सञ्चालन गर्न, गृहकार्य गराउन र परम्परागत ढंगले विद्यार्थीहरूलाई अनुशासनमा राख्नका लागि दण्डहरू दिइरहेको पाइयो ।

दण्डका शारीरिक असरहरू अङ्गभङ्ग हुनु, नीलडाम बस्नु, घाइते हुनु, दृष्टि सम्बन्धी समस्या आउनु, शारीरिक दुःखाई वा पीडा हुनु तथा ज्यान समेत जान सक्ने खतरा रहेको पाइयो । मानसिक असरहरूमा एकाग्रता घट्ने, सृजनात्मकता गुम्ने, अभिव्यक्ति क्षमतामा ह्रास आउने, आलस्यता बढ्ने, अपमानित भएको महसुस हुने, हेलाको भावना पैदा हुने, असुरक्षित महसुश हुने र अन्त्यमा आत्महत्याको प्रयास समेत गर्ने गरेको पाइयो । यसरी नै दण्डका सामाजिक असरहरूमा असभ्य वातावरण सिर्जना हुने, असामाजिक गतिविधिमा संलग्न हुने, दुर्व्यसनीको शिकार हुने, सामाजिक गतिविधिमा असर हुने, विद्यालय छाड्ने दर बढ्ने जस्ता असरहरू पर्ने गरेको पाइयो ।

प्रभावकारी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न, विद्यार्थीहरूमा अनुशासन कायम राख्न, अपेक्षित सिकाई उपलब्धि हासिल गर्न र विद्यार्थी नियमित गराउनको लागि विभिन्न प्रकारका दण्ड रहित शिक्षण विधिहरू खोजी गरिएको छ । यसका साथै दण्डका बैकल्पिक उपायहरूको बारेमा छलफल र विश्लेषण गरि विभिन्न बैकल्पिक उपायहरू सिफारिस गर्नुका साथै पुनर्वल व्यवस्थापनका रुपमा बालव्यवहार निर्माणका सकारात्मक विधिहरू समेत उल्लेख गरिएको छ ।

बालमैत्री विद्यालयहरूको स्थलगत रुपमा अध्ययन र विश्लेषण गरी बालमैत्री विद्यालयका विभिन्न पक्षहरूलाई बुँदागत रुपमा छुट्टाछुट्टै विश्लेषण गरी न्यूनतम मापदण्डहरू भए/नभएको कुरा स्पष्ट रुपमा व्याख्या र विश्लेषण गरिएको छ ।

जोन रावलको न्यायिक सिद्धान्त अनुसार प्रत्येक व्यक्तिमा शिक्षा लिन पाउने अधिकार, स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार र सम्मानपूर्वक बाँच्न र कुनै कार्य गर्न पाउने अधिकार हुन्छ, जसले समाजमा रहेको असमानतालाई हटाउँदछ ।

यसरी रावलको सिद्धान्तलाई यस अनुसन्धानसँग दाँजेर हेर्दा बालमैत्री शिक्षण र दण्डरहित शिक्षणका कुराहरू समान रहेको पाइयो । बालमैत्री शिक्षणमा पनि दण्डका विकल्पहरू खोजी बालबालिकाहरूको स्वतन्त्र रुपमा पढ्न पाउने शैक्षिक अधिकार सुनिश्चित गर्दै शिक्षकले समाज र विद्यार्थीहरूको आवश्यकतालाई मध्यनजर गरेर नै शिक्षा प्रदान गर्नुपर्दछ भन्ने उल्लेख भएको छ ।

रावलको सिद्धान्तमा उल्लेख भएको प्रत्येक व्यक्तिमा शिक्षा लिन पाउने अधिकार, स्वतन्त्र रुपमा बाँच्न पाउने अधिकार र सम्मानपूर्वक बाँच्न तथा कुनै कार्य गर्न पाउने अधिकार पनि बालमैत्री शिक्षणको समावेशीकरण, समानता, सुरक्षा र बचावट जस्ता पक्षहरूसँग मेल खाएको देखिन्छ । यस अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा बालबालिकाहरूलाई  सम्मानजनक र सकारात्मक अनुसन्धान विधिबाट शिक्षण गरी उनीहरूको अधिकारको सुरक्षा गर्दै असल व्यवहारको निर्माण गर्नु पर्ने देखिन्छ । यसरी रावलको सिद्धान्तलाई अनुसन्धानको विश्लेषणसँग तुलना गर्दा सिद्धान्त र अनुसन्धानको विषय मेल खाएको देखिन्छ ।

# परिच्छेद पाँच :

# निष्कर्ष र सुझाव

बालमैत्री शिक्षणमा दण्ड व्यवस्थापन विषयको शोध अध्ययनका लागि परिच्छेद चारमा गरिएको व्याख्या र विश्लेषणका आधारमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । विद्यालयहरूमा बालबालिकाहरूलाई दिइने दण्डको अवस्था, दण्डका प्रकारहरू, कारणहरू र दण्डबाट शिक्षक तथा विद्यार्थीहरूमा पर्ने असर एवं बालमैत्री विद्यालयका विभिन्न पक्षहरूको अध्ययन गरी आवश्यक निष्कर्षमा पुगिएको छ । यसरी नै नीतिगत तह अन्तर्गत सरकार, जि.शि.का., स्रोत केन्द्र, विद्यालय, गा.वि.स. र समूदायलाई दृष्टिगत गरी ; अभ्यास तह अन्तर्गत जि.शि.का, स्रोत केन्द्र, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स., विद्यार्थी, अभिभावकलाई दृष्टिगत गरी र अनुसन्धानका लागि भविष्यमा यस विषयसँग सम्बन्धित रहेर अनुसन्धान गर्न चाहने सबै व्यक्ति, संघसंस्था वा निकायलाई दृष्टिगत गरी छुट्टाछुट्टै रुपमा सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१. निष्कर्ष

यस अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कहरूको अध्ययन र विश्लेषणबाट आवश्यक निष्कर्ष निकालिएको छ । शिक्षकले बालबालिकाहरूलाई दिने दण्डको अवस्था अध्ययन र विश्लेषण गर्दा अधिकांश दण्डहरू विद्यार्थीलाई अनुशासनमा राख्न, नियन्त्रणमा राख्न र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने पवित्र उद्देश्यबाटै प्रेरित भएको पाइयो । विद्यार्थीहरू दण्डित हुने कारणमा अभिभावक, शिक्षक र विद्यार्थीहरूको रायलाई छुट्टाछुट्टै विश्लेषण गर्दा केही बुँदा बाहेक सबै बुँदामा मत मिलेको देखियो । विद्यार्थीहरूलाई विद्यालयमा नियमित गराउन, सिकाइ उपलब्धि वृद्धि गर्न, विद्यालयका आन्तरिक तथा बाह्य क्रियाकलापहरूमा सक्रिय सहभागिता गराउन पनि उनीहरूलाई दण्ड दिने गरेको पाइयो । बालबालिकाहरूलाई शारीरिक र मानसिक दण्डहरू दिइरहेको पाइयो ।

बालबालिकाहरूको भविष्य उज्यालो पार्ने र अनुशासित कर्णधार उत्पादन गर्ने उद्देश्यले विद्यार्थीहरूलाई दण्ड दिने गरिएको भएतापनि बालबालिकाहरूलाई दिइने दण्डका तत्कालिक र दीर्घकालिन असरहरू रहने गरेको पाइयो । शिक्षकले विद्यार्थीमा असल बानी निर्माण गर्ने, व्यवहारमा सुधार गर्न तथा सिकाई उपलब्धि हासिल गर्न जुनसुकै अभिप्रायले दण्ड सजाय गरेता पनि यसका कारण धेरै बालबालिकाहरूको भविष्य नै अन्योल भएको पाइयो । धेरै शिक्षकहरूलाई दण्डका असरहरू बारे थाहा नभएर, बाल मनोविज्ञानको ज्ञान नभएर र परम्परागत शिक्षण विधिबाट प्रभावित भएर उनीहरू बालबालिकाहरूलाई दण्ड दिइरहेको पाइयो । बालबालिकाहरूलाई दिइने दण्डबाट विद्यार्थीहरूलाई मात्र नभएर शिक्षकहरूलाई समेत असर पर्ने गरेको पाइयो । दण्डका कारण विद्यार्थीहरूमा शारीरिक असर, मानसिक असर र सामाजिक असर पर्ने गरेको पाइयो ।

दण्डका कारण बालबालिकाहरूमा विभिन्न प्रकारका असरहरू पर्न जाने भएकोले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी पार्न, विद्यार्थी नियमितता कायम राख्न र अपेक्षित सिकाई उपलब्धि हासिल गराउनका लागि बालबालिकाहरूलाई शिक्षण गर्दा दण्ड रहित शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने देखियो । शिक्षणको क्रममा विद्यालय भित्र वा बाहिर जहाँसुकै पनि दण्ड दिनै नपर्ने अवस्था सिर्जना गर्नका लागि विभिन्न व्यवहारिक र मनोवैज्ञानिक उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ । विभिन्न नकारात्मक र अप्रिय घटनाहरूको बारेमा छलफल गरी त्यस्ता घटना र क्रियाकलापहरूबाट उत्पन्न परिमाणहरूको बारेमा सचेत हुने र सचेत गराउने कार्य गराउनु पर्ने देखियो । पुनर्वलको व्यवस्थापनका रुपमा बालव्यवहार निर्माणका सकारात्मक विधिहरू प्रयोग गर्नु उपयुक्त हुने देखियो ।

बालमैत्री विद्यालयका विभिन्न पक्षहरूको अवस्था अध्ययनबाट प्राप्त नतिजा विश्लेषण गर्दा बालमैत्री विद्यालयमा हुनुपर्ने ९ वटा पक्षहरूमध्ये एउटा पक्ष मात्र सन्तोषजनक पाइयो । अन्य पक्षहरूको नतिजा विश्लेषणका आधारमा आवश्यक सुधार गरि बालमैत्री र दण्ड रहित शिक्षण सिकाई क्रियाकलाप अगाडि बढाउनका लागि सरकार, जि. शि.का., वि.व्य.स., प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूको संयुक्त प्रयास आवश्यक पर्ने देखियो ।

## ५.२. सुझाव

यस अनुसन्धानका क्रममा प्राप्त तथ्याङ्कहरूको विश्लेषण, स्थलगत अवलोकन, छलफल र अन्तरक्रियाबाट बालमैत्री शिक्षणमा पुनर्वलको व्यवस्थापन विषयमा पाइएका समस्या र चुनौतीहरूलाई समाधान गर्न निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

विद्यालयमा दिइने सजाय उन्मूलन गर्न र भयरहित सिकाईका लागि सरकारले बालमैत्री विद्यालयको अवधारणालाई पूर्ण रुपमा लागू गर्न आवश्यक नीति निर्माण गर्नुपर्ने देखिन्छ । त्यस्तै शिक्षकको कार्यक्षमता मूल्याङ्कनका विविध सूचकमध्ये सम्बन्धित शिक्षकले विद्यार्थीप्रति गर्ने व्यवहारलाई पनि हेर्ने नीति बनाई कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । शिक्षा नियमावलीमा गरिएको शिक्षक र विद्यार्थी आचारसंहिताको व्यवस्थालाई कार्यान्वयन गराउन आवश्यक नीति नियम बनाउनु पर्ने देखिन्छ । नेपाल सरकारले विद्यालयमा बालमैत्री वातावरणमा सिकाइ गराउनका लागि आवश्यक भौतिक र मानवीय विकासका लागि ठोस नीति बनाउनु पर्ने देखिन्छ ।

यस अनुसन्धानबाट बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ अनुसारका कक्षा व्यवस्थापनको मापदण्ड अनुरुप कक्षा सञ्चालन गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय, क्षेत्रिय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूबाट प्रत्येक विद्यालयमा एकरुपता आउने गरी अनिवार्य कार्यान्वयन गराउने खालको नीति बनाई लागू गर्नुपर्ने देखिन्छ । सबैका लागि शिक्षा र भयमुक्त सिकाइको मर्मलाई ध्यानमा राखी प्रत्येक शिक्षकलाई दण्डरहित शिक्षण विधिहरूको बारेमा आवश्यक तालिम दिने नीति बनाउनु आवश्यक देखिन्छ ।

त्यसरी नै बालबालिकाहरूलाई अनावश्यक दण्ड दिने, बालमनोविज्ञान अनुसार शिक्षण गर्न नसक्ने शिक्षकहरूलाई कारबाहिको दायरामा ल्याउने किसिमका कानुनहरूको निर्माण गरी शसक्त रुपमा लागु गरी भयमुक्त सिकाइको वातावरण सिर्जना गर्न आवश्यक नीति बनाउनुपर्ने देखिन्छ। यसरी नै बालमैत्री विद्यालय र दण्डरहित शिक्षण गर्ने शिक्षकहरूलाई आवश्यक प्रोत्साहनको व्यवस्था सरकारी क्षेत्रबाट गर्नुपर्ने देखिन्छ। राज्यले सबैलाई अनिवार्य र सम्मानजनक शिक्षा पाउने अधिकार सुनिश्चित हुने गरी शैक्षिक नीति निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालय प्रशासनले दण्डका असरहरू र दण्डरहित शिक्षण प्रक्रियाका बारेमा आम अभिभावक भेला र अन्तरक्रिया गरी स्पष्ट पार्नुपर्ने देखिन्छ। जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक, स्रोत व्यक्ति र प्रधानाध्यापकहरूले दण्डरहित शिक्षण प्रक्रियाको अवलोकन, निरीक्षण गरी शिक्षकहरूलाई आवश्यक सल्लाह सुझाव दिनुपर्ने देखिन्छ। यसरी नै जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिले दण्डको प्रयोग गर्ने शिक्षकहरूलाई आवश्यक कारवाही र दण्डरहित शिक्षण गर्ने शिक्षकहरूलाई प्रशंसा र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ।

दण्डरहित शिक्षणसिकाई क्रियाकलाप सञ्चालन गर्नका लागि विद्यार्थीको सहभागितामा कक्षा शिक्षकले कक्षाका लागि नियम बनाउनुपर्ने देखिन्छ। शिक्षकले आफ्नो व्यवहार र तौरतरिकामा विज्ञ देखिनु पर्छ र सिकाइलाई सहयोग पुग्ने वातावरण तयार पार्नु पर्छ। विद्यार्थीहरूलाई स्वतन्त्र व्यक्ति जस्तो व्यवहार गर्ने, उनीहरूका अधिकारलाई आदर गर्ने र उनीहरूका क्षमताका सम्भाव्यताहरूलाई सक्दो अभिव्यक्त हुन दिनु पर्दछ। विद्यार्थीका अभिभावकसँग कुराकानी गर्ने र विद्यार्थीको प्रगतिबारे सूचना दिइरहने गर्नुपर्दछ। बाबुआमा र विद्यार्थीहरूसँग प्रभावकारी रुपमा कार्य गर्न असल सम्बन्ध विकास गर्नुपर्दछ। विद्यार्थीको निम्ति उचित नमूना बन्नु पर्दछ। शिक्षक र विद्यार्थीबीच दोहोरो इज्जत र आदरको वातावरण कायम राख्नुपर्दछ। विद्यार्थीको प्रगति र आचरणबारे विद्यालय व्यवस्थापन र

अभिभावकलाई प्रतिवेदन दिनुपर्दछ । शिक्षकले विद्यार्थीलाई गल्ती आफैँमा असफलता होइन भन्ने कुरा दोहोऱ्याइ-तेहेऱ्याई बुझाउनुपर्दछ । विद्यार्थीको घरमा सकारात्मक टिप्पणीहरू पठाउनु पर्दछ । दयाभाव र दृढतालाई एकैसाथ लैजानु पर्दछ । विद्यार्थीका मनोवैज्ञानिक र शारीरिक समस्या बुझ्ने प्रयास गर्नुपर्दछ । विद्यार्थीले असल व्यवहार देखाउँदा हरेक पटक प्रशंसा गर्ने र स्याबासी दिने गर्नुपर्दछ । आम प्रकृतिका समस्या र तिनको समाधान समूहमा छलफल गर्ने, गल्तीको कारण पत्ता लगाउने र विद्यार्थीहरूलाई स्वयम् निर्णय गर्न दिनुपर्ने देखिन्छ ।

विद्यार्थीले विद्यालय आउँदा विद्यालयको पोशाक लगाएर सफा र सुग्धर भई आउनु पर्दछ । विद्यालयको वातावरणलाई स्वच्छ र सफा राख्नु पर्दछ । विद्यालयका सबै शिक्षक/कर्मचारी, विद्यार्थीहरू र आगन्तुकहरूलाई आदर गर्नु पर्दछ । पाठ्यक्रमको आवश्यकता पूरा गर्न मेहनती हुने र अरुसँग मिली अध्ययन गर्ने , कक्षामा उपस्थित हुन नसकेमा छुटेका कक्षाहरूको जिम्मेवार आफैं हुनुपर्ने र बाबु आमा/अभिभावकलाई पठाएका पत्रहरू समयमै दिनुपर्दछ ।

अभिभावकहरूले आफ्ना बालबालिकाको विभिन्न भौतिक आवश्यकताहरू पूर्ति गर्ने प्रयास गर्ने, आफ्ना बालबालिकालाई विद्यालयको नियम ध्यान दिन र पालन गर्न निर्देशन दिनुपर्छ । विद्यालयका शिक्षकहरूसँग, अन्य अभिभावकसँग र बालबालिकाका साथीहरूसँग सुमधुर सम्बन्ध कायम राख्ने, बालबालिकालाई शारीरिक तथा मानसिक सजाय नदिने र यदि कोही अभिभावकहरूले दिने गरेका छन् भने यस्तो कार्यलाई रोक्नुपर्दछ ।

## ५.२.३ अनुसन्धान तह

अवका अनुसन्धानकर्ताहरुले वालमैत्री विद्यालयका लागि निम्नानुसारका शिर्षकहरुमा अनुसन्धान गर्नुपर्ने देखिन्छः

१. बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुका कारणहरु ।

२. बालमैत्री विद्यालय स्थापना हुन नसक्नुका कारणहरू ।

३. बालमैत्री कक्षामा दण्ड व्यवस्थापन हुन नसक्नुको कारण ।

४. दण्डका कारण विद्यालय छाडेका विद्यार्थीहरूको अवस्था ।

५. दण्डले सिकाई उपलब्धिमा पार्ने असर ।

६.बालमैत्री तथा सम्मानजनक शिक्षाको प्रभावकारिता ।

# अनुसूची एकः

## अभिभावकहरू सँग सोधिने प्रश्नावली

नामः-..................................................
ठेगानाः- ...........................

१) तपाईका छोराछोरीहरू कति जना छन ?

.........................................................................................

२) तपाईको घरमा सबै बालबालिकाहरू विद्यालय गइरहेका छन् ?

.............................................................................

३) यदि विद्यालय गइरहेका छैनन् भने किन गइरहेका छैनन् ?

..............................................................................

४) तपाईले बालबालिकाहरूलाई कुनै दण्ड वा सजाय दिने गर्नुभएको छ ?

..............................................................................

५) यदि दण्ड दिने गर्नुभएको छ भने के कारणले दण्ड दिने गर्नुभएको हो ?

...........................................................................

६) तपाईका नानीहरू पढ्ने विद्यालयमा दिइने शारीरिक र मानसिक दण्डहरू बारे तपाईलाई केही जानकारी छ ?

..............................................................................

७) यदि छ भने त्यस विद्यालयमा विद्यार्थीहरूलाई के-कस्ता दण्डहरू दिने गरेका छन् ?
क) ..........................
ख)...........................
ग)...........................
घ)...........................
ङ) ...........................

८) विद्यालयमा दिइने दण्डका कारण विद्यालय छोड्ने विद्यार्थीहरू तपाईको घर वा छिमेकमा रहेका छन् ?

......................................................................

९) यदि छन् भने कति जना छन् ?

......................................................................

१०) तपाईको बिचारमा बालबालिकाहरूलाई दण्ड दिनाले कस्तो असर पर्दछ ?

..................................................................................

११) नकारात्मक दण्ड नदिइकन नै बालबालिकाहरूलाई सही बाटोमा हिडाउने उपायहरू के हुन सक्छन ?

..............................................................................................

## अनुसूची दुई :

## अभिभावकहरू सँग सोधिने प्रश्नावली

नामः-.........................................................................
विद्यालयः- ..................................................................

१) तपाईको विद्यालयमा बालबालिकाहरू नियमित विद्यालय आइरहेका छन् ?

..........................................................................................

२) यदि छैनन् भने नियमित विद्यालय नआउनुका कारणहरू के-के हुनसक्छन् ?

..........................................................................................

३) तपाईको विद्यालयका विभिन्न कक्षाहरूमा विद्यार्थीहरूको अनुशासनको अवस्था कस्तो छ ?

..........................................................................................

४) अनुशासन कायम गराउन तपाईहरू के -कस्ता उपायहरू अवलम्बन गर्दै हुनुहन्छ ?

..........................................................................................

५) तपाईले कक्षामा प्रयोग गर्ने गर्नुभएका शारीरिक दण्डहरू के-कस्ता छन् ?

..........................................................................................

६) तपाईले कक्षामा प्रयोग गर्ने गर्नुभएका मानसिक दण्डहरू के-के छन् ?

..........................................................................................

७) विद्यार्थीहरूलाई दण्ड दिनै पर्ने कारणहरू के-के छन् ?

..........................................................................................

८) विद्यार्थीहरूलाई दण्डका कारणले कस्तो असर पारिरहेको छ ?

..........................................................................................

९) विद्यालयमा दिइने दण्डका विकल्पको रुपमा के-के गर्न सकिन्छ ?

..........................................................................................

१०) विद्यालयमा विद्यार्थीहरूलाई दण्ड दिनै नपर्ने अवस्था सृजना गर्न के-के गर्नु सकिन्छ?

..........................................................................................

११) दण्डको कारणले विद्यालय छाडेका बालबालिकाहरूको बारेमा तपाईलाई केही थाहा छ ?

# अनुसुची तीन :

## प्रधानाध्यापकसँग सोधिने प्रश्नावली

नामः-.....................................................................

विद्यालयः-................................................................

१) तपाईको विद्यालयमा कक्षा दोहोऱ्याउने बालबालिकाहरू कति छन् ?

..........................................................................................

२) के कारणले उनीहरू कक्षा दोहोऱ्याइरहेका छन् ?

..........................................................................................

३) तपाईको विद्यालयमा कक्षा छाड्ने बालबालिकाहरू कति छन् ?

..........................................................................................

४) के कारणले उनीहरू कक्षा छाडिरहेका छन् ?

..........................................................................................

५) तपाईको विद्यालयमा शिक्षकहरूले बालबालिकाहरूलाई के-कस्ता दण्डहरू दिइरहेका छन् ?

..........................................................................................

६) त्यस्ता दण्डहरू के कारणले दिइरहेका छन् ?

..........................................................................................

७) दण्डको कारणले विद्यार्थीहरूमा के-कस्ता असरहरू परिरहेका छन् ?

..........................................................................................

८) दण्डको विकल्पका रुपमा अवलम्बन गर्न सकिने उपायहरू के-के हुन सक्छन् ?

..........................................................................................

९) विद्यार्थीहरूलाई दण्ड दिनै नपर्ने उपायहरू के-के हुन सक्छन् ?

..........................................................................................

# अनुसुची चार :

## विद्यार्थीसँग सोधिने प्रश्नावली

नामः ...................................................... कक्षाः .............

विद्यालयः .................................................................

१)	तपाईको कक्षामा पढाउने शिक्षकहरू कति जना हुनुहुन्छ ?

.......................................................................................

२)	सबै शिक्षकहरूले तपाईलाई माया गरेर पढाउनुहुन्छ ?

.......................................................................................

३)	पठनपाठनको साथै विद्यालयका क्रियाकलापहरूमा सबै विद्यार्थीहरूलाई समान अवसर दिइने गरेको छ ?

.......................................................................................

४)	तपाईको कक्षा र विद्यालयमा सबै विद्यार्थीहरू अनुसासित छन् कि छैनन् ?

.......................................................................................

५)	केही गल्ती गर्दा, पढ्न लेख्न नजान्दा तपाईको शिक्षकहरूले कस्तो दण्ड दिनुहुन्छ ?

.......................................................................................

६)	तपाईका शिक्षकले दिएको दण्डहरू तपाईलाई मन पर्छ कि पर्दैन ?

.......................................................................................

७)	दण्ड मन पर्दैन भने तपाईलाई कस्तो कक्षा शिक्षण व्यवस्था मन पर्दछ ?

.......................................................................................

८)	तपाईका सबै साथीहरू नियमित विद्यालय आइरहेका छन् ?

.......................................................................................

९)	विचैमा विद्यालय छाड्ने साथीहरू किन विद्यालय छाडिरहेका छन् ?

.......................................................................................

१०)	तपाईको गाउँघरमा विद्यालय छाडेर बसेका बालबालिकाहरू छन् ?

.......................................................................................

# अनुसूची पाँच :

## बालमैत्री विद्यालय सर्वेक्षण फाराम

विद्यालयः- ........................................................................

ठेगाना :- ..........................................................................

| क.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | विद्यार्थीहरूले समूहमा बसेर सहयोगात्मक ढंगले र प्रत्यक्ष अभ्यासमा संलग्न भएर सिक्न पाएको | | |
| २ | सबै विद्यार्थीहरूले आ-आफ्नो क्षमता र चाहना अनुसार विद्यालय क्रियाकलापहरूमा संलग्न भएको | | |
| ३ | सबै विद्यार्थीहरूलाई खुसीसाथ/हँसिलो भएर र बिना दवाव सिक्ने अवसर दिएको | | |
| ४ | विद्यार्थीहरूलाई कुनै किसिमको होच्याउने, जिस्क्याउने जस्ता कार्य भएको | | |
| ५ | विद्यार्थीलाई भौतिक/शारीरिक दण्ड दिने गरेको | | |
| ६ | विद्यार्थीहरूलाई अन्य मानसिक दण्ड दिने गरेको | | |
| ७ | विद्यार्थीहरूको गुनासा सुन्ने तथा समस्यामा परेका र विभिन्न कारणले पछि परेका विद्यार्थीहरूलाई विशेष हेरचाह गर्ने गरेको | | |
| ८ | विना भेदभाव कुनै पनि प्रकारको समान अवसरहरू प्रदान गरेको | | |
| ९ | छात्राछात्रहरूलाई छुट्टाछुट्टै सुलभ शौचालयको व्यवस्था | | |
| १० | कक्षाकोठा उपयुक्त प्रकाश छिर्ने र हावापानीबाट बच्ने | | |
| ११ | कक्षामा डेक्स, बेञ्च र कालोपाटीको अवस्था ठीक अवस्थामा राखेको | | |

# अनुसूची छ :

## शारीरिक तथा मानसिक दण्ड सम्बन्धी सर्वेक्षण फाराम

विद्यालयः ............................................................

ठेगानाः ...............................................................

| क.स. | शारीरिक दण्डहरू | मानसिक दण्डहरू |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |
| ११ | | |

# अनुसूची सात :

## कक्षा १ देखि ५ सम्मको विद्यार्थी विवरण फाराम

विद्यालयः.....................................................................

ठेगानाः .......................................................................

| कक्षा | कक्षा दोहोऱ्याउने | | बिचैमा कक्षा छाड्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

# अनुसुची आठ :

## दण्डका असरहरू सम्बन्धी सर्वेक्षण फाराम

विद्यालयः ............................................................

ठेगानाः ................................................................

| क्र.सं. | शारीरिक असर | मानसिक असर | सामाजिक असर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुसूची नौ :

## कक्षा अवलोकन फाराम

विद्यालयको नामः- ......................................................

कक्षाः-..................................................................

मितिः.......................

जम्मा विद्यार्थी संख्याः .....................उपस्थित विद्यार्थी संख्याः ..................

| क.सं. | विवरण | राम्रो भएको | मध्यम भएको | नभएको |
| --- | --- | --- | --- | --- |
| १ | शैक्षिक सामग्रीको पर्याप्त प्रयोग | | | |
| २ | विद्यार्थी केन्द्रित शिक्षण सिकाई | | | |
| ३ | कक्षाकोठाको राम्रो सरसफाई | | | |
| ४ | पर्याप्त प्रकाश र हावा | | | |
| ५ | कक्षाकोठाको आकार र बसाई व्यवस्था | | | |
| ६ | कक्षा क्रियाकलापमा सहभागिता | | | |
| ७ | विद्यार्थी पोषाक र सरसफाई | | | |
| ८ | भयरहित शिक्षण सिकाई | | | |
| ९ | मानसिक दण्डको अवस्था | | | |
| १० | शारीरिक दण्डको अवस्था | | | |

# अनुसूची दश :

# लक्षित समूह छलफल सूची

यस अनुसन्धानको तथ्याङ्क सङ्कलनका क्रममा लक्षित समूह छलफल सञ्चालन गर्नका लागि निम्नानुसार सूची तयार गरिएको छ :

१) बालमैत्री विद्यालयका पक्षहरूको अवस्था

२) विद्यालयमा बालबालिकाहरूलाई दिइने दण्डहरू

३) दण्डका कारणहरू

४) दण्डका असरहरू

५) शिक्षणमा दण्डका बैकल्पिक उपायहरू

# अनुसूची एघार :

## नमूना छनौटमा परेका सामूदायिक विद्यालयहरूको विवरण

## २०७१

| क.सं. | नमूना छनौट | विद्यालयको नाम | ठेगाना | विद्यार्थी संख्या | अभिभावक संख्या |
|---|---|---|---|---|---|
| १ | पहिलो | श्री जन ज्योती उ.मा.वि. | धुपु ३, संखुवा-सभा | ५८ | ४९ |
| २ | दोस्रो | श्री जनजागृती प्रा.वि. | धुपु-४, संखुवा-सभा | ४६ | ४१ |
| ३ | तेस्रो | श्री शारदा नि.मा.वि वितलव | धुपु-६, संखुवा-सभा | ३५ | २७ |
| ४ | चौथो | श्री सरस्वती मा.वि. वलौटे | मत्यपोखरी-३, संखुवा-सभा | ५४ | ४५ |
| ५ | पाँचौं | श्री शिला प्रा.वि. ढाडागाउ | मत्यपोखरी २, संखुवा-सभा | २७ | २५ |
| ६ | छैटौं | श्री शारदा नि.मा. वि.वर्खेडाडा | मत्यपोखरी-१, संखुवा-सभा | २३ | २० |

# अनुसूची बाह्र :

## नमूना छनौटमा परेका सामूदायिक विद्यालयहरूको

## कक्षागत विद्यार्थी विवरण - २०७१

| क.सं. | विद्यालयको नाम | कक्षा | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | |
| १ | श्री जन ज्योती उ.मा.वि.धुपु ३, संखुवा-सभा | ११ | १३ | ०८ | १० | १६ | ५८ |
| २ | श्री जनजागृती प्रा.वि. धुपु-४, संखुवा-सभा | १५ | १३ | ८ | ४ | ४ | ४६ |
| ३ | श्री शारदा नि.मा.वि. धुपु-६, संखुवा-सभा | ८ | १० | ०७ | ६ | ४ | ३५ |
| ४ | श्री सरस्वती मा.वि. मत्यपोखरी-३, संखुवा-सभा | १५ | १८ | १० | ५ | ६ | ५४ |
| ५ | श्री शिला प्रा.वि मत्यपोखरी-२, संखुवा-सभा | ०३ | ०५ | ०९ | ०६ | ०४ | २७ |
| ६ | श्री शारदा नि.मा.वि. मत्यपोखरी-१, संखुवा-सभा | ०७ | ०५ | ०४ | ०४ | ०३ | २३ |

# सन्दर्भ सामग्रीहरु

१. अधिकारी, विष्णुप्रसाद (२०६६), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाण्डौ : आशिष पुस्तक भण्डार, बागबजार ।

२. अधिकारी, विष्णुप्रसाद (२०६८), *प्राथमिक शिक्षक दिग्दर्शन ,* काठमाण्डौ : आशिष पुस्तक भण्डार, बागबजार ।

३. अधिकारी, विष्णुप्रसाद (सन् २०११), *शैक्षिक निरीक्षण र नेपालको शैक्षणिक प्रणाली* काठमाण्डौ : आशिष पुस्तक भण्डार, बागबजार ।

४. अधिकारी, भिमप्रसाद (२०६१),*बालबालिकाहरूले विद्यालय छाड्ने समस्या र समाधानका उपायहरू* (अप्रकाशित शोधपत्र) , त्रि.वि. कीर्तिपुर ।

५. अधिकारी, देवराज र पाण्डे, ध्रुवलाल (२०६७), *अनुसन्धान पद्धति ,* काठमाण्डौ : सनराइज पब्लिकेशन प्रा.लि., पुतलीसडक ।

६. उपाध्याय, गोविन्दराज र शर्मा, नारायणप्रसाद (मिति उल्लेख नभएको), *बालबालिकाका लागि दण्डको विकल्प,* गाउँले साथी ।

७. कार्की, उपेन्द्रकुमार (२०६०), *सिकाई सिद्धान्त र मूल्यांकन,* काठमाडौं : भृकुटी पुस्तक तथा मसलन्द भण्डार, भोटाहिटी ।

८. काफ्ले, वासुदेव र ढकाल, हेमराज (२०६९) *शिक्षामा सामाजिक न्याय,* काठमाण्डौ : सनलाइट प्रकाशन कीर्तिपुर ।

९. काफ्ले, वासुदेव तथा अन्य (२०५७) *शैक्षिक योजना,* काठमाण्डौ : भुँडीपुराण प्रकाशन ।

१०. कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

११. खनाल, पेशल (२०६३), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौः स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स कीर्तिपुर ।

१२. गौतम, बलदेव (२०६७), *प्राथमिक तहको मगर बालबालिकाहरूको शैक्षिक अवस्था* ( अप्रकाशित शोधपत्र) पाल्पा : तानसेन बहुमुखी क्याम्पस ।

*१३. जि.शि.का. रिपोर्ट* (२०७१), संखुवा-सभा : जिल्ला शिक्षा कार्यालय संखुवा सभा ।

१४. ढुंगाना, बासुदेव (२०६८), *प्राथमिक तहमा लिम्वु जातिका विद्यार्थीहरूको सहभागिता* (अप्रकाशित शोधपत्र) इलाम : महेन्द्र रत्न बहुमुखी क्याम्पस ।

१५. न्यौपाने, गुरुप्रसाद (२०६८), *प्राथमिक तहमा दलित विद्यार्थीहरूले विद्यालय छाड्ने कारणहरू* (अप्रकाशित शोधपत्र) इलाम : महेन्द्र रत्न बहुमुखी क्याम्पस ।

*१६. बालमैत्री गा.वि.स. स्थापना अवधारणा र प्रक्रिया* (२०६९), केन्द्रिय बालकल्याण समिति र प्लान नेपाल ।

१७. *बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप* (२०६७), काठमाण्डौ : शिक्षा मन्त्रालय ।

१८. महत, रमेश (२०६५), *सार्की बालबालिकाहरूको प्राथमिक तहमा शैक्षिक अवस्था* (अप्रकाशित शोधपत्र) त्रि. वि. कीर्तिपुर ।

१९. राई, भक्तबहादुर (२०६३), *संखुवा-सभा जिल्लाको शैक्षिक प्रतिवेदन* , संखुवा-सभा : जिल्ला शिक्षा कार्यालय फिदिम ।

२०. रावत, चक्रबहादुर (२०५८), *प्राथमिक तहमा छात्रवृत्तिको प्रभावकारिता एक अध्ययन* ( अप्रकाशित शोधपत्र) त्रि. वि. कीर्तिपुर ।

*२१.* शर्मा एण्ड शर्मा (२०६४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स भोटाहिटी ।

२२. श्रेष्ठ, बैकुण्ठ (२०६०), *शिक्षक शिक्षा,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

*२३. सबैका लागि शिक्षा* (२०६३), युनेस्को बुलेटिन, वर्ष ३२ (४) ।

२४. सापकोटा, नरेन्द्र (२०६०), *शिक्षामा महिला सहभागिता* (अप्रकाशित शोधपत्र) त्रि. वि. कीर्तिपुर ।

२५. सेडाईं, गुरुप्रसाद (२०६७), *गुणस्तरीय शिक्षा विकासमा विद्यालय ब्यवस्थापनको भूमिका* (अप्रकाशित शोधपत्र) त्रि.वि. कीर्तिपुर ।